# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ५९ | काठमाडौं | आइतबार, ७ असार २०८३ | Prabhab National Daily | Sunday, 21 June 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-


सन्दर्भः वैदेशिक रोजगार

## लोकतान्त्रिक एसोसिएसनको अध्यक्षमा गैरे निर्वाचित

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको अध्यक्षमा रामप्रसाद गैरे निर्वाचित भएका छन् । नेपाली कांग्रेसको शुभेच्छुक संस्था एसोसिएसनको शुक्रबार सम्पन्न १३औं साधारणसभा तथा निर्वाचनमा निवर्तमान वरिष्ठ उपाध्यक्ष गैरेले आफ्ना प्रतिद्वन्द्वी एसोसिएसनका पूर्वअध्यक्षसमेत रहेका किशोर केसीलाई झण्डै दोब्बर मतान्तरले पराजित गरेका हुन् ।

नवनिर्वाचित अध्यक्ष गैरेले १८६ मत प्राप्त गर्दा उनका प्रतिद्वन्द्वी केसीले ९५ मतमात्र पाए । निर्वाचनबाट एसोसिएसनमा नौ जना पदाधिकारी र १० जना सदस्य गरी १९ सदस्यीय कार्यसमिति निर्वाचित भएको छ ।

एसोसिएसनको प्रथम उपाध्यक्षमा सुवर्ण लामा, द्वितीय उपाध्यक्षमा हर्कबहादुर लिम्बू, तृतीय उपाध्यक्षमा हिरादेवी बुढाथोकी, महासचिवमा सुमनराज पाण्डे, सचिव हिमा गुरुङ, सहसचिव जगतबहादुर गुरुङ, कोषाध्यक्षमा भिममाया कार्की र सहकोषाध्यक्षमा कैलाश पाठक निर्वाचित भएका छन् ।

क्रमशः पृष्ठ २ मा



### 'एसोसिएसनलाई एकताबद्ध बनाउँछु'

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार एसोसिएसनका नवनिर्वाचित अध्यक्ष रामप्रसाद गैरेले संस्थामा देखिँदै आएको विभाजनलाई अन्त्य गर्ने प्रतिबद्धता जनाएका छन् । उनले संस्थालाई एकताबद्ध र सशक्त बनाउने बताए ।

पार्टीको नीतिमा टेकेर संस्था सञ्चालन गर्दै व्यावसायिक समस्याका विषयमा निरन्तर आवाज उठाउने उनको भनाइ छ । 'पार्टीको केन्द्रिय नीतिअनुसार सबैलाई समेटेर, फाटेका मनहरूलाई सियो धागो लिएर सिलाएर एकताबद्ध गराउँछु,' उनले भने, 'व्यवसायीका समस्या तथा सिण्डिकेटविरुद्ध निरन्तर आवाज उठाउँछौं । व्यवसायीका मुद्दामा संघ जवाफदेही नदेखिएको खण्डमा संघलाई घच्घच्याउने छौं ।'

पछिल्लो समय एसोसिएसन दुई धारमा विभाजित छ । एकातिर संस्थापन पक्ष हुँदा त्यसको विरोधमा अर्को समूह सक्रिय छ । जसकारण धेरै व्यवसायी आबद्ध भएको संस्था कमजोर हुँदै जान थालेको बताइन्छ । एसोसिएसनमा आबद्ध व्यवसायीलाई एक ढिक्का बनाउने मूल प्रतिबद्धतासहित गैरेले चुनाव लडेका थिए ।

# रास्वपा महाधिवेशन आजदेखि

## सहमतिबाटै नेतृत्व चुन्ने तयारी, सभापतिमा रवि 'निर्विकल्प'

- चार वर्षअघि स्थापित रास्वपा पहिलो महाधिवेशन गर्दै
- महाधिवेशन तीन दिनसम्म चल्ने
- महाधिवेशनबाट नेतृत्वसहित पदाधिकारी र केन्द्रीय सदस्य निर्वाचित हुने
- पार्टीको मार्गनिर्देशक सिद्धान्त, राजनीतिक कार्यदिशा, संगठन संरचना र कार्यक्रमिक रणनीति महाधिवेशनबाट तय गरिने
- १९ पदाधिकारीसहित ९९ जना महाधिवेशनबाट निर्वाचित हुने, ५१ जना केन्द्रीय सदस्य मनोनीत गर्ने अधिकार सभापतिलाई
- मतदान मंगलबार बिहान ८:३० बजेदेखि दिउँसो ३ बजेसम्म
- तोकियो उम्मेदवारी शुल्कसँगै प्रस्तावक र समर्थक संख्या
- सभापति पदको उम्मेदवार बन्न ५१ हजार रुपैयाँ र ५१ जना समर्थक चाहिने
- महाधिवेशनका लागि तीन हजार ९१८ प्रतिनिधिको नाम दर्ता




■ जेबी योञ्जन

**काठमाडौं–** सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को पहिलो केन्द्रीय महाधिवेशन आजदेखि चितवनमा सुरु हुँदै छ । तीन दिनसम्म चल्ने महाधिवेशनले नयाँ नेतृत्व चयन गर्नुका साथै पार्टीको मार्गनिर्देशक सिद्धान्त, राजनीतिक कार्यदिशा र संगठनात्मक संरचनासँगै कार्यक्रमिक रणनीतिलाई अघि सार्ने छ ।

७ असार २०७९ मा स्थापना भएको रास्वपा नेपाली राजनीतिमा सबैभन्दा तीव्र गतिमा उदाएको दलमध्ये एक हो । स्थापना भएको पाँच महिनापछि सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा उल्लेखनीय सफलता हासिल गर्दै चौथो ठूलो दल बनेको रास्वपाले यतिबेला झण्डै दुईतिहाइ बहुमतको शक्तिशाली सरकार चलाइरहेको छ र आज पहिलोपटक महाधिवेशनमा होमिएको छ । पार्टी सभापति रवि लामिछानेले महाधिवेशनबाट एकताको सन्देश दिनुपर्ने बताएका छन् ।

क्रमशः पृष्ठ २ मा



'यो महाधिवेशनबाट हामीले एकताको ठूलो सन्देश दिनुपर्ने छ । मुलुकलाई निकास दिनका लागि हामी एक ठाउँमा उभिएका छौं । परिणाम दिन सकिएन भने यसको कुनै अर्थ हुँदैन ।

■ रवि लामिछाने
सभापति, रास्वपा

### कुन नेता कुन पदमा आकांक्षी ?

तदर्थ संरचनाबाट सञ्चालन हुँदै आएको रास्वपाले पहिलोपटक पार्टी सभापति, उपसभापति, महामन्त्रीलगायत पदाधिकारी र केन्द्रीय सदस्यहरू निर्वाचित गर्दै छ । महाधिवेशन सुरु हुन लाग्दा कुनै नेताले सार्वजनिक रूपमा उम्मेदवारी घोषणा गरेका छैनन् ।

सभापति पदमा भने संस्थापक सभापति रवि लामिछाने निर्विकल्पजस्तै देखिएका छन् । पार्टीभित्र उनलाई चुनौती दिनेगरी अर्को उम्मेदवार उठ्ने सम्भावना न्यून रहेको नेताहरू बताउँछन् । सहकारी प्रकरणका कारण लामो समय कानुनी झमेलामा फसेका बेला पनि पार्टी नेतृत्व उनी नै थिए ।

क्रमशः पृष्ठ २ मा

## 'बर्ड फ्लु' संक्रमण लुकाएको आरोपमा चिडियाखाना प्रमुख साह छानबिनमा

**काठमाडौं (प्रस)–** सदर चिडियाखाना जावलाखेलमा 'बर्ड फ्लु' (एच फाइभ एन वान) को संक्रमण पुष्टि भएको विषय राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी) को केन्द्रीय कार्यालयलाई समयमै जानकारी नगराई गुपचुप राखेको आरोपमा चिडियाखाना प्रमुख सत्यनारायण साहमाथि छानबिन हुने भएको छ ।

कोषकी अध्यक्ष एवं कृषि वन तथा पर्यावरणमन्त्री गीता चौधरीको निर्देशनमा कोषले साहलाई चिडियाखाना प्रमुखको पदबाट हटाएको छ । कोषले चिडियाखानामा फैलिएको बर्ड फ्लुका कारण पत्ता लगाउन प्रवक्ता एवं प्रजाति विभाग प्रमुख रचना शाहको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति बनाएको छ ।

समितिका सदस्यहरूमा कोषका प्रशासन प्रमुख हरिविक्रम सिंह र संरक्षण क्षेत्र विभागका प्रमुख डा. मधु क्षेत्री सदस्य छन् । समितिलाई एक हप्ताभित्र छानबिन गरेर प्रतिवेदन पेस गर्न निर्देशन दिइएको छ ।

वन्यजन्तुको सुरक्षा र सूचना प्रवाहमा संवेदनशील नभएको उल्लेख गर्दै कोषले प्रमुख साहलाई केन्द्रीय कार्यालयमा तानेको छ । साहलाई जिम्मेवारीबाट हटाइएकाले चिडियाखानाको निमित्त प्रमुखको जिम्मेवारी वरिष्ठ अधिकृत बाबुलाल तिरुवालाई दिइएको मन्त्रालयले जनाएको छ ।

पशु सेवा विभागमा गरिएको नमूना परीक्षणबाट चिडियाखानाका जीवजन्तुमा बर्ड फ्लु पुष्टि भएको थियो । चिडियाखानामा करिब १० दिनअघिबाटै पन्छी र जनावर मरेका भए पनि यसबारे प्रकृति संरक्षण कोषको केन्द्रीय कार्यालयलाई साहले कुनै जानकारी नै दिएका थिएनन् । चराचुरुंगीहरू मर्ने क्रम नरोकिएपछि परीक्षण गर्दा बकुल्ला, लाटोकोसेरो, गिद्ध तथा जनावरतर्फ नीरबिरालो र चरीबाघमासमेत बर्ड फ्लु फेला परेको थियो ।

रोग संक्रमणका कारण वन्यजन्तुहरू मरेको धेरै दिन बितिसक्दा कुनै जानकारी नदिइएपछि साहलाई जिम्मेवारीबाट हटाउन निर्देशन दिइएको छ । पछिल्ला समयमा चिडियाखानामा भएका शृंखलाबद्ध घटना र बर्ड फ्लुजस्तो संवेदनशील विषयमा बेलैमा केन्द्रलाई 'रिपोर्टिङ' नगरेका कारण कोषले साहमाथि विभागीय कारबाही गर्दै अनुसन्धान अघि बढाएको मन्त्रालयले जनाएको छ ।










# कामपाको बजेट पूर्वाधार योजना, विद्यालय शिक्षा केन्द्रित

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले आगामी आर्थिक वर्षमा पूर्वाधार योजना, फोहरमैला व्यवस्थापन, विद्यालय शिक्षा प्रणालीमा सुधार, सुशासन प्रवर्द्धनजस्ता कार्यलाई उच्च प्राथमिकतामा राखेको छ ।

नगरसभाको १९औं अधिवेशनको तेस्रो बैठकमा कार्यवाहक प्रमुख सुनिता डंगोलले बजेट, आर्थिक विधेयक तथा विनियोजन विधेयक पेस गर्दै उक्त जानकारी दिइन् । सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको क्षमता वृद्धि, एक वडा एक उद्यम कार्यक्रमलाई प्रवर्द्धन गरी रोजगारी र आय वृद्धि गर्ने कार्यक्रमलाई उच्च प्राथमिकतामै रहेका छन् ।

प्रदूषण कम गर्ने, सार्वजनिक यातायातलाई व्यवस्थित गर्ने, कामपा क्षेत्रभित्रका ऐतिहासिक, धार्मिक, पुरातात्त्विक महत्त्व बोकेका मठमन्दिर, बहाल, पोखरी, हिटी, वहाः वही, ननीलगायतका सम्पदास्थलको संरक्षण कार्य एवं मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनमा बजेट व्यवस्थापन गरिएको प्रस्तावमा उल्लेख छ ।

कार्यवाहक प्रमुख डंगोलले, सञ्चित कोषमा व्ययभार पर्ने २५ अर्ब १३ करोड ३० लाख ५५ हजार रूपैयाँ र बाहय व्यय भार हुने ७५ करोड गरी २५ अर्ब ८८ करोड ३० लाख ५५ हजार रूपैयाँको बजेट प्रस्ताव गरेकी हुन् । सञ्चित कोषमा जम्मा हुने रकममध्ये आन्तरिक आय र बैंक मौज्दातबाट २० अर्ब १८ करोड ६३ लाख २९ हजार रूपैयाँ स्रोत व्यवस्थापन हुने कामपाको अनुमान गरेको छ ।

चार अर्ब ९३ करोड ६७ लाख २६ हजार रूपैयाँ नेपाल सरकार तथा प्रदेश सरकारबाट सशर्त, समानीकरण, राजस्व बाँडफाँडबाट प्राप्त हुने अनुदान अनुमान कामपाको रहेको छ । जनसहभागिताबापत एक करोड रूपैयाँको स्रोत प्राप्त हुने बताइएको छ ।

आगामी आवका लागि कामपाको बजेट, कुन शीर्षकमा कति

क्षेत्रगतरूपमा आर्थिक विकास क्षेत्रमा कूल बजेटको २.१ प्रतिशत अर्थात् ५४ करोड १८ लाख २० हजार रूपैयाँ, सामाजिक विकास क्षेत्रमा ९.६ प्रतिशत अर्थात् दुई अर्ब ४२ करोड २७ लाख ३१ हजार रूपैयाँ प्रस्ताव गरिएको छ ।

पूर्वाधार विकास क्षेत्रतर्फ ६१ प्रतिशत अर्थात् १५ अर्ब ३१ करोड ६७ लाख ४८ हजार रूपैयाँ प्रस्तावित छ । सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ ८.५ प्रतिशत अर्थात् दुई अर्ब १३ करोड ४७ लाख ९२ हजार रूपैयाँ प्रस्ताव गरिएको छ । कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रतर्फ १८.८ प्रतिशत अर्थात् चार अर्ब ७१ करोड ६९ लाख ६४ हजार रूपैयाँ प्रस्ताव गरिएको छ ।

वातावरण व्यवस्थापन गर्न एक अर्ब २२ करोड रूपैयाँ, शिक्षातर्फ एक अर्ब ७१ करोड रूपैयाँ, सम्पदा संरक्षणका लागि दुई अर्ब ५३ करोड रूपैयाँ, सामाजिक विकासमा ४९ करोड रूपैयाँ, पूर्वाधार विकासमा पाँच अर्ब ४१ करोड रूपैयाँ, हरियाली प्रवर्द्धन गर्न ४३ करोड रूपैयाँ, सूचना प्रविधितर्फ ४१ करोड रूपैयाँ, स्वास्थ्य सेवातर्फ ७० करोड रूपैयाँ र विपद् व्यवस्थापनका लागि ३६ करोड रूपैयाँ विनियोजन गरिएको छ । *रासस*

# गर्मीयामसँगै बढे सर्पदंशका बिरामी

**काठमाडौं (प्रस)–** शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा उपचार गर्न आउने सर्पदंशका बिरामी बढेका छन् । गर्मीयामसँगै गर्मी बढेसँगै सर्प दुलोबाट निस्कने र मानिसलाई टोक्ने भएकाले सर्पदंशका बिरामी अस्पतालमा बढेका हुन् ।

अस्पतालका सूचना अधिकारी समीरकुमार अधिकारीका अनुसार साउनयता अहिलेसम्म २७९ जना सर्पले डसेका छन् । सर्पदंशबाट जेठ महिनामा २५ र वैशाखमा १० जना बिरामी परेका छन् ।

यसैगरी, साउनमा ६६, भदौमा ७५, असोज ७०, कात्तिकमा २०, फागुन एक र चैतमा १२ जना सर्पदंशबाट बिरामी परेका उनले बताए । अस्पतालका सूचना अधिकारी अधिकारीले गर्मी महिनामा सर्प बाहिर निस्कने र मानिसहरूलाई टोक्ने बताए । नेपालमा गोमन, राजगोमन, करेत, मुगा, बाघेजस्ता विषालु सर्पले टोक्ने गरेका छन् । उनले काभ्रे, धादिङ, तनहुँ, रामेछाप, दोलखालगायत जिल्लाबाट सर्पदंशका बिरामी आउने गरेको बताए ।

सर्पले टोकिहाले डसेको ठाउँलाई चल्न नदिई स्थिर राख्ने, सर्पले डसेको ठाउँमा काट्ने, चुस्ने, बाँध्नेजस्ता कार्य नगर्ने, कुनै पनि मलम, रासायनिक पदार्थ, तातोचिसो प्रयोग नगर्ने, बिरामीको आत्मविश्वास कायम राख्ने, डस्ने सर्पको पहिचान गर्ने र बिरामीलाई जतिसक्दो चाँडो अस्पताल पुऱ्याउने गर्नुपर्दछ ।

सर्पदंशबाट बच्नका लागि राति हिँड्नु परे टर्च लाइट लिएर हिँड्ने, जुत्ता वा गमबुट लगाउने, खुट्टा राम्ररी छोप्ने बाक्लो पाइन्ट लगाउने, घरवरपरको घाँस, झारपात काटेर सफा राख्नेजस्ता उपाय अपनाउनुपर्दछ ।

यस्तै, काठ, ढुंगा, टुटेफुटेको सामानको थुप्रा हटाउने, जमिनका दुलाहरू टाल्ने, पराल, दाउरा, आदि तान्दा जाँदा होसियारी अपनाउने, सुत्नुअघि ओछ्यान, खाटमुनि र वरपर राम्ररी हेर्ने, झूल टाँगेरमात्र सुत्नेजस्ता उपाय अपनाउनुपर्दछ ।

# क्यान्सर औषधि सहजरूपमा उपलब्ध गराइँदै

**काठमाडौं–** विगत दुई महिनादेखि क्यान्सर रोगको उपचारका लागि प्रयोग हुने औषधिको अभाव रहेकामा अब सहज उपलब्ध हुने भएको छ । औषधि व्यवस्था विभागका सूचना अधिकारी किरणसुन्दर बज्राचार्यले क्यान्सरको किमोथेरापी उपचारमा प्रयोग हुने औषधि केही दिनमा सहज उपलब्धता हुने बताए । उनले औषधिको अहिले केही सीमित ठाउँमामात्र उपलब्ध गराउँदै आएकामा अब सहजरूपमा उपलब्ध गराइने बताए ।

'औषधिको अभाव रहेकाले हामीले बिरामीलाई सहजताका लागि देशभरि केही ठाउँमा अस्पताल र फार्मेसीको नामै तोकेर उपलब्ध गराउने गरेका छौं,' उनले भने, 'अब चाँडै नै औषधिको आयातलाई सहज बनाएर बिरामीलाई सजिलै उपलब्ध गराउने छौं ।'

उनले सरकारले ती औषधिको मूल्य समायोजन गर्ने प्रतिबद्धता व्यक्त गरिसकेकाले सहज पाइने बताए । क्यान्सरको किमोथेरापी उपचारका लागि हुने 'कार्बोप्लाटिन,' 'सिस्प्लाटिन' लगायत औषधिको अभाव विगत दुई महिनादेखि भएको हो । विभागले ती औषधि पाउनका लागि जानकी अस्पताल नेपालगञ्ज, पूर्वाञ्चल क्यान्सर अस्पताल विर्तामोड, विराट मेडिकल कलेज विराटनगर, ववना फर्मा पोखरा, पुनम फार्मेसी धरान, राजदूत प्रालि भरतपुर, मल्ल फर्मास्युटिकल्स पोखरा, ताज नेपाल प्रालि काठमाडौं, डिकेएम फर्मास्युटिकल्स प्रालि काठमाडौं, सिजल फर्मा र अनमोल हेल्थ केयर काठमाडौंलाई औषधि सहजताका लागि सम्पर्क तोकिएको छ ।

किमोथेरापी उपचारका लागि सबभन्दा बढी 'कार्बोप्लाटिन' र त्यसपछि 'सिस्प्लाटिन' औषधि आवश्यक पर्दछ । सूचना अधिकारी बज्राचार्यका अनुसार अहिले नेपालमा 'कार्बोप्लाटिन' औषधि दुई हजार भाइल र 'सिस्प्लाटिन' ५० भाइल मात्र मौज्दात रहेको छ । नेपालमा बिरामीका लागि महिनामा एक हजार भाइल 'कार्बोप्लाटिन' र ६०० भाइल 'सिस्प्लाटिन' आवश्यक पर्दछ । नेपाल औषधि आपूर्तिकर्ता संघका अध्यक्ष पवन आचार्यले बिरामीको उपचारलाई अभाव हुन नदिनका लागि आफूहरूले महँगा भए पनि औषधि नेपाल आयात गरेर उपलब्ध गराइरहेको बताए ।

उनले एक महिनालाई पुग्ने 'सिस्प्लाटिन' औषधि भारतबाट नेपाल आउने क्रममा रहेको जानकारी दिए । उनले सरकारले मूल्य समायोजन गरेपछि औषधिको अभाव नहुने बताए । भक्तपुर क्यान्सर अस्पताल, चितवनस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायत क्यान्सर रोगको किमोथेरापीमा उपचारमा प्रयोग हुने औषधिको अभाव देखिएको हो । *रासस*

पृष्ठ १ बाट क्रमशः

## रास्वपा...

'यो महाधिवेशनबाट हामीले एकताको ठूलो सन्देश दिनुपर्ने छ । यो महाधिवेशनभन्दा अगाडि हामी विभिन्न दलबाटसमेत रास्वपालाई घर बनाएर आउनुभएको छ । म उहाँहरू सबैलाई धन्यवाद दिन चाहन्छु । आगामी कार्यकालमा पनि सहकार्य रहोस्,' शनिबार आयोजित पत्रकार सम्मेलनमा उनले भने ।

आफ्नो कार्यकाल अत्यन्त सुन्दर र ऐतिहासिक रहेको उनको भनाइ छ । 'मुलुक र स्थायित्वका लागि मुलुकलाई निकास दिनका लागि हामी एक ठाउँमा उभिएका छौं । परिणाम दिन सकिएन भने यसको कुनै अर्थ हुँदैन,' उनले भने । महाधिवेशनलाई रास्वपाले राजनीतिक यात्राको नयाँ अध्यायका रूपमा प्रस्तुत गरेको छ । देशभरबाट आएका प्रतिनिधिहरूले नेतृत्व चयनसँगै विधान, संगठन विस्तार, आगामी राजनीतिक रणनीति र वैकल्पिक राजनीतिको एजेण्डामाथि छलफल गर्ने छन् ।

महाधिवेशनको पूर्वसन्ध्यामा शनिबार बसेको केन्द्रीय समिति बैठकले संशोधित विधान पारित गरिसकेको छ । नयाँ विधानअनुसार अब रास्वपाको पदाधिकारी संख्या १९ सदस्यीय हुने छ । सभापति, वरिष्ठ नेता, तीन उपसभापति, दुई महामन्त्री, पाँच सहमहामन्त्री, एक कोषाध्यक्ष, दुई सहकोषाध्यक्ष, एक प्रवक्ता र तीन सहप्रवक्तासहितको संरचना निर्माण गरिएको छ ।

यसैगरी, पार्टीको केन्द्रीय समिति १५८ सदस्यीय रहने व्यवस्था गरिएको छ । त्यसमध्ये ९९ जना निर्वाचनबाट चयन हुने छन् भने ५१ जना केन्द्रीय सदस्य सभापतिले मनोनीत गर्न सक्ने छन् । सातवटै प्रदेशका सभापति पदेन सदस्यका रूपमा केन्द्रीय समितिमा रहने छन् ।

रास्वपाले सार्वजनिक गरेको निर्वाचन कार्यतालिका अनुसार आगामी मंगलबार बिहान ८:३० बजेदेखि दिउँसो ३ बजेसम्म मतदान हुने छ । मतदान सम्पन्न भएको दुई घण्टाभित्र मतगणना सुरु गर्ने तयारी गरिएको छ ।

### सभापतिको उम्मेदवार बन्न ५१ हजार शुल्क

रास्वपाका विभिन्न पदमा उम्मेदवार बन्नका लागि शुल्क निर्धारण गरिएको छ । सभापति पदका लागि ५१ हजार रूपैयाँ, पदाधिकारीका लागि ४१ हजार रूपैयाँ र केन्द्रीय सदस्यका लागि २१ हजार रूपैयाँ शुल्क तोकिएको प्रवक्ता मनिष झाले जानकारी दिए । उनका अनुसार सभापति पदका उम्मेदवारसँग एक जना प्रस्तावक र ५१ जना समर्थक हुनुपर्ने व्यवस्था गरिएको छ भने अन्य पदका उम्मेदवारका लागि एक जना प्रस्तावक र २१ जना समर्थक आवश्यक पर्ने छ ।

महाधिवेशनको अर्को महत्त्वपूर्ण पक्ष भनेको पार्टीको संगठनात्मक विस्तार हो । पार्टी प्रवक्ता झाले रास्वपाको साधारण सदस्य संख्या पाँच लाख नाघिसकेको जानकारी दिएका छन् । उनका अनुसार देशभर चार हजार ६३ वडामा वडा अधिवेशन सम्पन्न भइसकेको छ । ७५३ स्थानीय तहमध्ये ६१० पालिकामा अधिवेशन सम्पन्न भएको छ भने १०० निर्वाचन क्षेत्र र ६३ जिल्लामा संगठनात्मक अधिवेशन सम्पन्न भइसकेको छ ।

शनिबार साँझसम्म महाधिवेशनमा तीन हजार ९१८ प्रतिनिधि दर्ता भइसकेको जानकारी दिइएको थियो । पार्टीका अनुसार मधेस प्रदेशबाहेक अन्य छ प्रदेशमा प्रदेश अधिवेशन सम्पन्न भइसकेका छन् ।

रास्वपाको पहिलो महाधिवेशन नेतृत्व चयनमात्रै नभएर राजनीतिक रूपमा पनि निकै अर्थपूर्ण मानिएको छ । छोटो अवधिमै राष्ट्रिय राजनीतिमा प्रभावशाली शक्ति बनेको रास्वपाले यस अवधिमा सफलता र संकट दुवै भोगेको छ । स्थापनाको केही महिनामै प्रतिनिधिसभामा २० सिट जितेर राष्ट्रिय राजनीतिमा उदाएको रास्वपाले त्यसपछि उपनिर्वाचनमा थप सफलता हासिल गरेको थियो । उक्त दलले पुराना राजनीतिक दलप्रति बढ्दो असन्तुष्टि र परिवर्तनको चाहनालाई मतमा रूपान्तरण गर्न सफल भएको हो । रास्वपाले प्रतिनिधिसभामा आफूलाई फरक शैलीको दलका रूपमा प्रस्तुत गर्ने प्रयास गरेको थियो ।

यद्यपि, उक्त पार्टीभित्र मतभेद र नेतृत्वसँग असहमति राख्ने केही प्रभावशाली नेताहरू बाहिरिएका छन् । सभापति लामिछाने र वरिष्ठ नेतासमेत रहेका प्रधानमन्त्री वालेन्द्र शाहबीचको सम्बन्ध विस्तारै तनावपूर्ण बन्दै गएको विवरणहरू पनि सार्वजनिक भइरहेका छन् । भन्न त सभापति लामिछानले यस्तो टिप्पणीलाई पटक-पटक खारेज गरिदिएका छन् । उनले आफूले पार्टी र शाहले सत्ताको नेतृत्व पाँचै वर्ष लिने समझदारी भएको र त्यसमा दायाँबायाँ नहुने बताएका छन् ।

■■■

## कुन नेता कुन...

आजदेखि हुने महाधिवेशनले रविलाई नै सभापतिमा निर्वाचित गर्ने निश्चितजस्तै छ । केही समयअघि उपसभापतिसमेत रहेका अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सार्वजनिकरूपमा महाधिवेशनबाट लामिछाने नै पुनः सभापति बन्ने बताएका थिए ।

महाधिवेशनमा सबैभन्दा रोचक प्रतिस्पर्धा भने उपसभापति र महामन्त्री पदमा हुने देखिएको छ । विधानअनुसार तीन उपसभापति रहने व्यवस्था छ, जसमा एक महिला अनिवार्य छ । हाल उपसभापति रहेका डा. वाग्ले पुनः सोही पदका बलिया दाबेदार मानिएका छन् । उनीसँगै पार्टी कोषाध्यक्ष लीमा अधिकारी, सहप्रवक्ता प्रतिभा रावल, कानुनमन्त्री सोविता गौतम, संसदीय दलका उपनेता गणेश पराजुली, सचिवालय सदस्य समीक्षा बाँस्कोटा तथा अनुशासन आयोगका पूर्वसंयोजक भरतमणि देवकोटाको नाम उपसभापति पदका आकांक्षीका रूपमा चर्चामा छ ।

विशेषगरी महिला कोटाअन्तर्गत लीमा, प्रतिभा र सोवितामध्ये एक वा बढी नेतृ उपसभापतिमा पुग्न सक्ने आकलन पार्टीभित्र भइरहेको छ । भरतमणि देवकोटालाई पनि सुशासन र नीतिगत विषयमा अनुभव भएका कारण नेतृत्व तहमा ल्याउने पक्षमा केही नेताहरू देखिएका छन् ।

महामन्त्री पदमा भने आकांक्षीहरूको संख्या अझ बढी छ । हालका महामन्त्रीहरू कविन्द्र बुर्लाकोटी र भूपदेव शाह दाबेदार छन् । त्यसबाहेक सहमहामन्त्री विपिन आचार्य, परराष्ट्रमन्त्री शिशिर खनाल, प्रवक्ता मनिष झा, प्रमोद न्यौपाने, यज्ञमणि न्यौपाने तथा सुनिल लम्सालको नाम पनि महामन्त्रीका सम्भावित उम्मेदवारका रूपमा चर्चामा छ ।

संस्थापक टोलीका सदस्य बुर्लाकोटी संगठन र संसदीय दुवै क्षेत्रमा सक्रिय छन् भने भूपदेव शाह एकीकरणपछि पार्टी नेतृत्वमा पुगेका नेता हुन् । यज्ञमणि न्यौपानेले महाधिवेशनमा प्रतिस्पर्धा गर्नकै लागि अनुशासन आयोगको जिम्मेवारी छाडेका थिए ।

यता प्रधानमन्त्री शाहको भूमिकाबारे पनि पार्टीभित्र छलफल चलिरहेको छ । हाल विधानमा वरिष्ठ नेताको व्यवस्था नभए पनि राजनीतिक सहमति वा विधान संशोधनमार्फत उनलाई वरिष्ठ नेताको हैसियत दिने सम्भावना रहेको नेताहरू बताउँछन् ।

■■■

## लोकतान्त्रिक...

सदस्यमा विष्णुप्रसाद सापकोटा, ओमप्रकाश शिवाकोटी, उर्मिला लामा, नवीन क्षेत्री पौडेल, मिलन पोखरेल, राजेश मैनाली, युवराज खतिवडा, विक्रम खतिवडा, पुण्यकुमार श्रेष्ठ र शेरबहादुर गुर्माछान विजयी भएका छन् । निर्वाचनको अन्तिम मतपरिणाम सार्वजनिक भएपछि नवनिर्वाचित कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूले शनिबार निर्वाचन समितिबाट पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन् । निर्वाचित कार्यसमितिको कार्यकाल दुई वर्षको हुने छ ।


मलेसियामा रोजगार कम्पनी : LIFEGUARD SECURITY SDN.BHD Address: JALAN BURMAH

पूर्व स्वीकृति मिति : २०८२/०७/२४ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०३/०६ LT. No. 333508 चलानी नं. ६०२५६८६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 41 | 0 | 1700 | ६१,९४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार १४ गते (28th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

SKYPOWER FORCE PVT.LTD. (SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.)
Jana Marga Chappal Karkhana, Kathmandu, Tel:-+977 01-5928974, 01-5928975
Mobile: 9707074612, 9707074613 Bijay Kc, Email:- bijay.skypowernepal@gmail.com
श्रम इजाजत नं. १२७५/०७४/७५


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, ७ असार, २०८३

| | |
|---|---|
| **मेष** | नयाँ अवसर प्राप्त हुन सक्छ । काममा आत्मविश्वास बढ्नेछ र साथीभाइको साथ मिल्नेछ । |
| **वृष** | आर्थिक पक्ष सुदृढ बन्ने संकेत छ । पारिवारिक सहयोगले मन प्रसन्न रहनेछ । |
| **मिथुन** | बोली र व्यवहारले अरूको मन जित्नुहुनेछ । नयाँ जानकारी वा अवसर प्राप्त हुन सक्छ । |
| **कर्कट** | अध्ययन तथा सिर्जनात्मक कार्यमा रुचि बढ्नेछ । मनमा रहेको जिज्ञासाको समाधान मिल्न सक्छ । |
| **सिंह** | पुराना अनुभवबाट लाभ मिल्नेछ । निर्णय गर्दा धैर्य अपनाउनु राम्रो हुनेछ । |
| **कन्या** | अधुरा काम पूरा हुने योग छ । व्यवस्थित रूपमा अघि बढ्दा सफलता प्राप्त हुनेछ । |
| **तुला** | नयाँ योजना बन्न सक्छ । शुभ समाचारले दिन उत्साहपूर्ण रहनेछ । |
| **वृश्चिक** | पारिवारिक सम्बन्ध सुदृढ बन्नेछ । आत्मीय व्यक्तिसँगको भेटघाट लाभदायी रहनेछ । |
| **धनु** | नयाँ विचार र अवसरतर्फ आकर्षण बढ्नेछ । यात्राको सम्भावना पनि देखिन्छ । |
| **मकर** | आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर मिल्नेछ । निर्णयमा दृढ रहँदा फाइदा हुनेछ । |
| **कुम्भ** | व्यस्तता बढे पनि काम सफलतापूर्वक सम्पन्न हुनेछ । प्राथमिकता निर्धारण गर्नु आवश्यक छ । |
| **मीन** | मानसिक शान्ति प्राप्त हुनेछ । एकान्तमा बिताएको समयले नयाँ ऊर्जा प्रदान गर्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

७ असार, २०८३ (२१ जुन २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५०.६२ | १५१.२२ |
| युरो | १ को | १७२.६६ | १७३.३४ |
| पाउन्ड स्टिर्लङ | १ को | १९९.३४ | २००.१३ |
| स्विस फ्रैन्क | १ को | १८६.७६ | १८७.५० |
| अस्ट्रेलियन डलर | १ को | १०५.६१ | १०६.०४ |
| क्यानाडियन डलर | १ को | १०६.४६ | १०६.८९ |
| सिङगापुर डलर | १ को | ११६.६५ | ११७.११ |
| जापानी येन | १० को | ९.३४ | ९.३८ |
| चिनियाँ युआन | १ को | २२.२५ | २२.३४ |
| साउदी अरब रियाल | १ को | ४०.१३ | ४०.२९ |
| कतारी रियाल | १ को | ४१.३५ | ४१.५२ |
| थाई भाट | ख १ को | ४.५८ | ४.६० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.०१ | ४१.१७ |
| मलेसियन रिङेट | १ को | ३६.४१ | ३६.५५ |
| दक्षिण कोरियन वन | १०० को | ९.८४ | ९.८८ |
| स्विडिस क्रोनर | १ को | १५.७३ | १५.७९ |
| डेनिस क्रोनर | १ को | २३.१० | २३.१९ |
| हङकङ डलर | १ को | १९.२१ | १९.२९ |
| कुवेती दिनार | १ को | ४९०.१४ | ४९२.०९ |
| बहराइन दिनार | १ को | ३९९.५२ | ४०१.११ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।



**योगाभ्यास** | अन्तर्राष्ट्रिय योग दिवसका अवसरमा शनिबार लुम्बिनीमा भारतीय दूतावासले आयोजना गरेको कार्यक्रममा योगाभ्यास गर्दै लुम्बिनी प्रदेशका प्रदेश प्रमुख कृष्णकुमार घर्ती मगर, नेपालस्थित भारतीय दूतावासका प्रथम सचिव नारायण सिंहलगायत सहभागीहरू । *तस्बिरः रासस*

# डिजिटल मार्केटिङ सिक्दै ललितपुरका युवा

■ प्रभाव संवाददाता

**ललितपुर–** प्रविधिको विकाससँगै ललितपुरका युवाहरू इन्टरनेट र सामाजिक सञ्जाललाई आम्दानीको माध्यम बनाउन लागिपरेका छन् । परम्परागत रोजगारीका अवसरहरू घट्दै गएका बेला ललितपुरको गोदावरीमा युवाहरूका लागि दुई दिने डिजिटल मार्केटिङ र सूचना प्रविधिसम्बन्धी तालिम सुरु भएको छ ।

बागमती प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालयको आर्थिक सहयोग र नेपाल पत्रकार महासंघ ललितपुर शाखाको समन्वयमा यो कार्यक्रम आयोजना गरिएको हो । तालिममा गोदावरीका युवाहरूको सहभागिता रहेको छ ।

कार्यक्रमको उद्घाटन गर्दै गोदावरी नगरपालिकाका मेयर गजेन्द्र महर्जनले अहिलेको समयमा प्रविधिअनुसार नचले पछि पर्ने बताए । पहिले सूचना पाउन निकै गाह्रो हुने भए पनि अहिले प्रविधिको कारण संसारभरिका अवसरहरू सजिलै पाउन सकिने उनको भनाइ थियो । मेयर महर्जनले युवाहरूलाई फेसबुक, टिकटक र इन्स्टाग्रामजस्ता माध्यमहरू मनोरञ्जनका लागिमात्र नभई आफ्नो व्यापार बढाउन र पैसा कमाउन प्रयोग गर्न आग्रह गरे ।




नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका अध्यक्ष कृष्ण सारु मगरले नेपालमा इन्टरनेटको विकास तीव्र गतिमा भइरहेकाले युवाहरूले समयअनुसार आफ्नो सीप बदल्नुपर्नेमा जोड दिए । तालिममा युवाहरूलाई आजको बजारमा चाहिने व्यावहारिक सीपहरू सिकाइने आयोजकले जानकारी दिएको छ । प्रदीपराज वन्त, जीवन भण्डारी र योगेन्द्रबहादुर महतालगले प्रशिक्षकको भूमिकामा रहेका छन् । पत्रकार महासंघ ललितपुरका अध्यक्ष रामहरि कार्कीले यो तालिमले युवाहरूलाई बजारमा प्रतिस्पर्धा गर्न सक्ने बनाउने दाबी गरे ।

बढ्दो बेरोजगारीकाबीच यस्ता डिजिटल सीपले युवाहरूलाई घरमै बसेर स्वरोजगार बन्न र इन्टरनेटको माध्यमबाट विदेशी बजारसम्म जोडिएर आम्दानी गर्न ठूलो मद्दत पुग्ने आयोजकले विश्वास लिएको छ ।

# भोटो देखाएसँगै सकियो रातो मच्छिन्द्रनाथको रथयात्रा

## राष्ट्रपति, प्रधानमन्त्रीलगायत विशिष्ट पदाधिकारीहरूले गरे भोटो जात्राको अवलोकन



■ प्रभाव संवाददाता

**काठमाडौं–** वर्षा र सहकालका देवता मानिने रातो मच्छिन्द्रनाथको रथयात्रा सकिएको छ । शनिबार रातो मच्छिन्द्रनाथको भोटो देखाएसँगै रथयात्रा सकिएको हो ।

ललितपुरको जावलाखेलमा आयोजित भोटो देखाउने जात्रा (भोटो जात्रा)को राष्ट्रपति रामचन्द्र पौडेलले शनिबार अपराह्न अवलोकन गरेका छन् । प्रथम महिला सविता पौडेलसहित उनी भोटो जात्रा अवलोकन गर्न जावलाखेल पुगेका थिए ।

मच्छिन्द्रनाथको रथ लगनखेलबाट जावलाखेल पुर्‍याइएको चौथो दिन भोटो देखाउने परम्पराअनुसार शनिबार भोटो देखाइएको छ । सो अवसरमा गुठी संस्थानका कर्मचारीले भोटो देखाएका थिए । राष्ट्रपति पौडेलले रातो मच्छिन्द्रनाथसँगै जीवित देवी कुमारीको दर्शन पनि गरेका थिए ।

कार्यक्रममा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री वालेन्द्र शाह, प्रधानन्यायाधीश डा. मनोज शर्मा, राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहाललगायत उच्च पदस्थ अधिकारीहरूको उपस्थिति रहेको थियो । मच्छिन्द्रनाथलाई अन्नदाता, पानी पार्ने देवता, अनिष्ट र अनिकाललाई सामना गर्ने देवताका रूपमा मानिन्छ । त्यसैले यसको सांस्कृतिक, धार्मिक र ऐतिहासिक महत्त्व रहिआएको छ । करिब एक हजार ६०० वर्ष पुरानो तथा नेपालको सबैभन्दा लामो सांस्कृतिक-धार्मिक पर्वका रूपमा यो रथयात्रा परिचित छ ।

वैशाख शुक्ल प्रतिपदादेखि सुरु भएको रथयात्रामा भगवान् रातो मच्छिन्द्रनाथको मूर्तिलाई ३२ हात अग्लो रथमा विराजमान गराई पुल्चोक, मंगलबजार, सुन्धारा, लगनखेल, कुमारीपाटी हुँदै जावलाखेलसम्म परिक्रमा गराइएको थियो । रथलाई जावलाखेल पुर्‍याएको चौथो दिनमा भोटो प्रदर्शन गर्ने प्रचलन रहेको ललितपुर महानगरपालिका-४ का वडाध्यक्ष सन्तोष खड्काले जानकारी दिए ।

संस्कृतिविद्हरूका अनुसार वर्षा र सहकालका देवताका रूपमा पूजिने रातो मच्छिन्द्रनाथको जात्रा नेपालको प्राचीन तथा विशिष्ट सांस्कृतिक सम्पदामध्ये एक हो । राजतन्त्रकालमा भोटो जात्रामा राजा उपस्थित हुने परम्परा रहेकामा गणतन्त्र स्थापनापछि राष्ट्रपतिले उक्त समारोहमा सहभागिता जनाउँदै आएका छन् ।

भोटो देखाउने जात्रा सम्पन्न भएपछि रातो मच्छिन्द्रनाथको मूर्तिलाई प्राचीन कलात्मक खटमा राखी बाजागाजासहित जावलाखेलबाट बुङ्मतीस्थित मच्छिन्द्रबहालमा लगेर विराजमान गराइने परम्परा रहेको वडाध्यक्ष खड्काले उल्लेख गरे । उनले यस वर्षको जात्रा शान्तिपूर्ण, व्यवस्थित र सफलतापूर्वक सम्पन्न भएको जानकारी दिए ।

# नेवार समुदायले मनाए सिथि नखः पर्व

**भक्तपुर–** नेवार समुदायले शनिबार सिथि नखः पर्व मनाएका छन् । काठमाडौं उपत्यकालगायतका नेवारहरूले मनाउने यो पर्वसँगै वर्षा सुरु हुने र किसानको वर्षाको महत्त्वपूर्ण कार्य धान रोपाइँ (स्थानीय भाषामा ज्याः) सुरु हुने भएकाले यस चाडलाई वर्षाअघिको अन्तिम चाडका रूपमासमेत लिइन्छ ।

शनिबार सिथि नखःमा विशेषगरी पानीको मुहान, इनार, कुवा, पोखरी, धारालगायत पानीको स्रोत सरसफाइ गरिएको छ । बर्सातका मौसममा बगेर आउने पानीको भेल र फोहोर पानी खानेपानीको मुहानमा मिसिएर पानी दूषित नहोस् भनी पानीको मुहान एवं स्रोतको वरिपरिसमेत सरसफाइ गरी निकास खोल्नु यो पर्वको विशेषता पनि हो । हिँउदमा पुरिएको, थुनिएको र सुकेको पानीको मूललाई बर्सातको पानीले फुटाउने भएकाले पनि सिथि नखःको दिन पानीको मूलको सफाइ गर्ने परम्परा वर्षौंदेखि रहँदै आएको मान्यता छ ।

शनिबार नै भगवान् कुमारको जन्मदिनका रूपमा उनको पूजा गर्ने प्रचलन छ । नेवार समुदायमा सिथि नखःको महत्त्वपूर्ण पर्वका रूपमा मनाउने गर्दछन् । जात्रा पर्व सबै थाती राखेर अन्न उत्पादनका लागि किसानलाई मानसिक र शारीरिकरूपले तयार पार्ने चाडका रूपमा सिथि नखःको विशेष महत्त्व रहेको इतिहासविद् एवं संस्कृतिविद् प्राडा पुरुषोत्तमलोचन श्रेष्ठ बताउँछन् ।

उनका अनुसार सिथि नखः महादेव पार्वतीका जेष्ठ सुपुत्र कुमारको जन्म दिन हो । देवीदेवतामध्ये सबैभन्दा पहिला गणेशको र त्यसपछि कुमारको पूजाआराधना गर्नाले बर्सातको बेला धान रोपाइँजस्तो कृषि कार्य गर्न शरीरमा बल र शक्ति प्राप्त हुने विश्वासका साथ यो पर्व मनाउने गरिएको प्राडा श्रेष्ठ बताउँछन् । यस दिन पानीको मुहान एवं स्रोत सफल गरेर मास, मुगी, केराउलगायत दलहनबाट बनेका विशेष प्रकारको पकवान वः अर्थात् 'बारा' चढाउने र खाने चलन रहेको छ ।

त्यसैगरी, घरमा भर्खर भित्रिएको नयाँ गहुँको 'म्हछ्यामढी' (मुट्ठी पारी बनाइएको विशेष खालको रोटी) समेत खाने गरिन्छ । वर्षातको झरीमा रुझेर, हिलो माटोसँग पौंठेजोरी खेल्दै गरिने धान रोपाइँलाई अन्य खेतीपातीमाभन्दा बढी नै शक्ति र तागत आवश्यक पर्ने भएकाले नेवार समुदायले सिथि नखःको दिन साथै चामलको पीठोबाट बनाइएको विशेष प्रकारको रोटी चटामरी, पापड, गहुँको मालपुवालगायत विभिन्न पकवान खाने गरेको संस्कृतिविद् राजकुमार जोशी बताउँछन् ।

यस पर्वको दिन शुद्ध भई भक्तपुरको नवदुर्गा भवानी र शक्तिपीठमा पूजा गरी नयाँ गहुँबाट तयार गरिएको परिकार चढाउनाले गहुँ उत्पादनमा वृद्धि हुनाका साथै वर्षा फाप्ने तथा घरपरिवारमा सुख शान्ति हुने जनविश्वास पनि रहेको उनको भनाइ छ । सिठी नखका दिन माटोलाई चोट पुर्‍याउन हुन्न भन्ने मान्यताका साथ यस दिन किसानले खेतबारीमा काम नगर्ने प्रचलन रहेको छ ।

यसै दिन दिगुपूजा (देवाली) को अन्तिम दिन मानिन्छ । काठमाडौंको जैसिदेवलमा सिद्धि कुमार र भक्तपुरको थिमीमा सिथीनःख द्यः को पूजा गरिन्छ । *रासस*

# ट्राफिक सचेतनामा एयर होस्टेस



**काठमाडौं–** सडक सुरक्षा र ट्राफिक नियमको प्रभावकारी कार्यान्वयनमा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले एयर होस्टेसहरूको सहभागितामा विशेष ट्राफिक सचेतना कार्यक्रम आयोजना गरेको छ ।

काठमाडौं उपत्यकाका मुख्य चोक तथा बढी सवारी चाप हुने क्षेत्रमा सञ्चालन गरिएको उक्त कार्यक्रममा गीता उड्डयन (एभिएसन) मा प्रशिक्षित एयर होस्टेसहरूको सहभागिता रहेको थियो । यात्रु सेवासँग सम्बन्धित पेसामा रहेका एयर होस्टेसहरूले सडक प्रयोगकर्ता नागरिकलाई ट्राफिक नियमको पालना, सुरक्षित यात्रा र दुर्घटना न्यूनीकरणसम्बन्धी सन्देश प्रवाह गरेका थिए ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) सुरेश काफ्लेले सडक सबै नागरिकको साझा प्रयोगस्थल भएकाले यसको सुरक्षामा सबैको समान जिम्मेवारी रहने बताए । उनले भने, 'सडक प्रयोग सबै नागरिकले गर्दछन् । यसमा आमनागरिकको पनि उत्तिकै भूमिका हुन्छ । सडक नियमको पालना गर्नु सबैको दायित्व हो । कुनै व्यक्ति बिहान घरबाट निस्केर सुरक्षितरूपमा साझा घर फर्किने वातावरणको सिर्जना गर्नु ट्राफिक प्रहरीको मुख्य उद्देश्य हो ।'

उपत्यका ट्राफिक प्रहरीले पछिल्लो समय सडक दुर्घटना न्यूनीकरण, अनुशासित सवारी सञ्चालन तथा सुरक्षित यात्राका लागि विभिन्न सचेतनामूलक अभियान सञ्चालन गर्दै आएको छ । सोही क्रममा विभिन्न क्षेत्रका व्यक्ति तथा संस्थासँग सहकार्य गर्दै जनस्तरसम्म ट्राफिक चेतना पुर्‍याउने उद्देश्यले विभिन्न सचेतना कार्यक्रम गरिएको कार्यालयले जनाएको छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार गीता उड्डयनका प्रशिक्षित एयर होस्टेसहरूको सहभागितामा पद्मोदय मोड, नयाँ बानेश्वर, पुतलीसडकलगायतका प्रमुख स्थानमा कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रमका क्रममा सहभागीहरूले हातमा सचेतनामूलक प्लेकार्ड बोकेर चालक, पैदलयात्री तथा अन्य सडक प्रयोगकर्तालाई ट्राफिक नियम पालना गर्न आग्रह गरेका थिए । ती प्लेकार्डमार्फत तीव्र गति नियन्त्रण, हेल्मेट तथा सिटबेल्टको प्रयोग, मादक पदार्थ सेवन गरी सवारी नचलाउने, पैदल यात्रुको सुरक्षालगायत विषयमा सन्देश दिइएको थियो ।

'ट्राफिक नियम पालना गरौं, दुर्घटना होइन सुरक्षित गन्तव्य रोजौं' भन्ने नाराका साथ काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले एकमहिने ट्राफिक सचेतना अभियान सञ्चालन गरिरहेको छ । दुर्घटनाको प्रमुख कारणमध्ये चालकको लापरवाही, तीव्र गति, नियम उल्लंघन र सडक अनुशासनको कमी देखिएकाले यस्ता समस्यालाई न्यूनीकरण गर्न ट्राफिक प्रहरीसँगै नागरिकको सक्रिय सहभागिता आवश्यक रहेको ट्राफिक प्रहरी प्रमुख काफ्लेले बताए ।

सडक सुरक्षा केवल ट्राफिक प्रहरीको जिम्मेवारी नभई सम्पूर्ण सडक प्रयोगकर्ताको साझा दायित्व भएको सन्देश प्रवाह गर्दै उक्त अभियानले नागरिकमा जिम्मेवार सवारी संस्कृतिको विकास गर्ने अपेक्षा गरिएको छ । *रासस*

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# ‘बर्ड फ्लु’ रोकथाम कार्य प्रभावकारी बनाऊ

पछिल्लो समय मुलुकका विभिन्न जिल्लामा तीव्र रूपमा फैलिएको ‘बर्ड फ्लु’ संक्रमणले जनस्वास्थ्य र देशको पशुधन सुरक्षामा ठूलो चुनौती थपिदिएको छ । कोशी प्रदेशबाट सुरु भई बागमती प्रदेश र विशेषगरी काठमाडौं उपत्यकाभित्रका व्यावसायिक फार्म हुँदै जावलाखेलस्थित सदर चिडियाखानामासमेत यसको व्यापक संक्रमण देखिनुले स्थिति भयावह बन्दै गएको प्रस्ट पारेको छ । चिडियाखानाभित्र पक्षीमामात्र नभई नीरबिरालो र चरीबाघजस्ता स्तनधारी जनावरमासमेत बर्ड फ्लु संक्रमण पुष्टि हुनु अत्यन्तै चिन्ताजनक विषय हो । यो केवल पक्षीमामात्र सीमित रहने रोग नभई जनावरबाट मानिसमा सर्न सक्ने प्रकृतिको भएकाले यसलाई हल्का रूपमा लिनु गम्भीर भूल हुने छ ।

यसैबीच चिडियाखानाजस्तो सार्वजनिक र संवेदनशील स्थलमा संक्रमण फैलिँदा पनि सूचना लुकाएको घटनासमेत सार्वजनिक भएको छ । केन्द्रीय निकायलाई बेलैमा रिपोर्टिङ नगरेको आरोपमा चिडियाखानाका प्रमुख सत्यनारायण साहलाई पदबाट हटाइएको छ । यदि यस्तो लापरवाही गरेकै हो भने त्यो अक्षम्य हुने छ । तर, कारबाहीमात्र यसको स्थायी समाधान होइन । लाखौं कुखुरा र पक्षीहरू नष्ट भइरहेको र करोडौंको क्षति बेहोर्नुपरेको हालको संवेदनशील परिस्थितिमा महामारी नियन्त्रणका लागि राज्य र सरोकारवालाहरूले युद्धस्तरमा प्रभावकारी कदम चाल्न ढिला भइसकेको छ ।

यस संक्रमणको चक्रलाई तोड्न र सम्भावित मानवीय संकटबाट बच्न तीनै तहका सरकार, व्यवसायी तथा नागरिक तहले सक्रिय भूमिका खेल्नु आवश्यक छ । सरकारले प्रभावित क्षेत्रहरूमा ‘र्‍यापिड रेस्पोन्स टिम’ लाई अझ सक्रिय बनाउँदै कडा जैविक सुरक्षा लागू गर्नुपर्छ । खुला सिमानाका कारण अवैधरूपमा हुने पक्षीजन्य पदार्थको ओसारपसार रोक्न सीमा नाकामा भेटेरिनरी क्वारेन्टाइनलाई कडा बनाइनुपर्छ । साथै, प्रभावित किसानहरूलाई उचित राहत र क्षतिपूर्तिको व्यवस्था समयमै गरेर रोग लुकाउने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्छ ।

चिडियाखाना प्रशासनले निमित्त प्रमुखको नेतृत्वमा सम्पूर्ण परिसरलाई पूर्णरूपमा कीटाणुरहित बनाउनुपर्छ । रैथाने र जंगली चराहरू (जस्तैः काग र बकुल्ला) बाट खोरभित्रका जीवजन्तुमा संक्रमण नसरोस् भन्नका लागि विशेष जाली र सुरक्षित बारको व्यवस्थापन चुस्त राख्नुपर्छ । किसानहरूले आफ्नो फार्ममा जैविक सुरक्षाका उपायहरू कडाइका साथ अपनाउनुपर्छ । फार्ममा बाहिरी गाडी तथा व्यक्तिको प्रवेशमा रोक लगाउने, दाना र अण्डाका क्रेटहरू निसंक्रमण गरेरमात्र प्रयोग गर्ने र कुनै पनि पक्षी बिरामी परेमा वा मरेमा तुरुन्तै नजिकैको पशु सेवा केन्द्रमा खबर गर्नुपर्छ । उपभोक्ताहरूले कुखुराको मासु वा अण्डा राम्रोसँग पकाएर (कम्तीमा ७० डिग्री सेल्सियसभन्दा माथि) मात्र उपभोग गर्नुपर्छ । मरेका वा बिरामी चराचुरुंगीहरू भेटिएमा खाली हातले नछुने र तुरुन्त स्थानीय निकायलाई खबर गर्ने बानी बसाल्नुपर्छ ।

सदर चिडियाखानामा फैलिएको बर्ड फ्लुको संक्रमणले हामीलाई एउटा गम्भीर चेतावनी दिएको छ । जैविक सुरक्षामा गरिने सानो लापरवाहीले पनि जनस्वास्थ्यमा ठूलो महामारी निम्त्याउन सक्छ । तसर्थ, संक्रमण लुकाउने वा आलटाल गर्ने प्रवृत्तिलाई त्यागेर पारदर्शी सूचना प्रणालीको विकास गरौं र यस संकटको घडीमा राज्यका संयन्त्रहरूले ढिलासुस्ती नगरी रोकथामका प्रभावकारी कदमहरू द्रुत गतिमा अघि बढाऊन् ।

**श्रम सरोकार**

## नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरू

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ । विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई ‘स्विफ्ट कोड’ भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

# ‘महाधिवेशनले नीति र नेतृत्वमा निखार ल्याउँछ’



**कविन्द्र बुर्लाकोटी**
महामन्त्री, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)

वैकल्पिक राजनीतिक शक्तिका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी प्रथम राष्ट्रिय महाधिवेशनको पूर्वसन्ध्यामा छ । २०७९ असार ७ गते स्थापना भएको उक्त पार्टीले आज असार ७ देखि ९ गतेसम्म चितवनमा पहिलो महाधिवेशन आयोजना गरेको छ । महाधिवेशनले राजनीतिक दृष्टिकोण र कार्यनीति निर्धारण, केन्द्रीय नेतृत्वको निर्वाचन, विधान संशोधन र अनुमोदन, आगामी कार्यदिशा र प्रस्तावहरू पारित तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय मुद्दामा पार्टीको अडान स्पष्ट गर्ने छ । महाधिवेशनको सम्पूर्ण तयारी पूरा भइसकेको सो पार्टीले जनाएको छ । सभापति रवि लामिछानेसहितको शीर्ष नेता महाधिवेशन आयोजनास्थल चितवन पुगिसकेका छन् । रास्वपाको प्रथम राष्ट्रिय महाधिवेशनको सन्दर्भमा महामन्त्री **कविन्द्र बुर्लाकोटी**सँग *राष्ट्रिय समाचार समिति (रासस)*का समाचारदाता **अशोक घिमिरे**ले गरेको कुराकानीः

**वैकल्पिक राजनीतिक शक्तिका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी प्रथम राष्ट्रिय महाधिवेशनको पूर्वसन्ध्यामा छ । महाधिवेशनको तयारी कसरी अगाडि बढिरहेको छ ?**

महाधिवेशन नजिकिँदै गर्दा संगठनात्मक र मानसिकरूपमा तयारी भइएको छ । संगठनात्मक दृष्टिकोणबाट सम्पादन गर्नुपर्ने काम गत वैशाखदेखि सुरु भएका थिए । विशेषगरी तल्लो तहको अधिवेशनबाट पार्टी निर्माणको प्रक्रिया सुरु गर्‍यौं । गत जेठको २ र ३ गते वडा भेला, वडा अधिवेशन तथा जेठ १३ र १४ गते पालिकाको अधिवेशन सम्पन्न भए । जेठको १६ र १७ गते बाँकी वडापालिकाहरूको अधिवेशन सम्पन्न गर्‍यौं । जेठ २३ र २४ गते जिल्ला अधिवेशन तथा जेठ २६ गतेदेखि निरन्तर प्रदेश अधिवेशन गर्‍यौं । हालसम्म मधेस प्रदेशबाहेक अन्य छ प्रदेशका अधिवेशन सम्पन्न भइसकेका छन् । अहिलेसम्म आइपुग्दा पार्टी महाधिवेशनका लागि तयार भइसकेको छ । ‘लजिस्टिक’ पाटोतर्फ पनि मोटामोटी काम सम्पन्न भइसकेको छ । पहिलो राष्ट्रिय महाधिवेशन चितवनमा आयोजना गर्दैछौं । समायोजनका केही कामहरू यसबीचमा जारी छन् । विधान संशोधनको मस्यौदा तयारी भइराखेको छ । यही असार ४ गते सम्पन्न पार्टीको सचिवालयको बैठकले महाधिवेशन तयारीका कामलाई निर्देशित गरेको छ । पार्टीका शीर्ष नेता महाधिवेशन तयारीका सिलसिलामा चितवनमा हुनुहुन्छ । महाधिवेशनको उद्घाटन सत्रमा शुभकामना दिन अन्य राजनीतिक दलका नेतालाई पनि आमन्त्रण गरिएको छ । यी सबै कोणबाट ऐतिहासिक प्रथम महाधिवेशन आयोजनाको तयारी लगभग-लगभग अन्तिम चरणमा पुगेको छ ।

**महाधिवेशन नीति र नेतृत्व चयन गर्ने थलो पनि हो । महाधिवेशनबाट कस्तो नीति पारित हुन्छ र नेतृत्वको चयन कसरी अगाडि बढ्छ ?**

अवश्य पनि, महाधिवेशन नीति र नेतृत्वमा निखार ल्याउने महत्त्वपूर्ण औजार हो । सामान्यतः महाधिवेशनलाई नेतृत्व परिवर्तन हुने, नयाँ नेतृत्वहरू आउने वा नेतृत्वमा फेरबदलहरू हुने रूपमामात्र हेरिन्छ । तर महाधिवेशनले नीति निर्माणमा पनि असाध्यै धेरै भूमिका खेलेको हुन्छ । नीति परिमार्जन र नीति निखारमा महाधिवेशन विशेष रहन्छ । रास्वपाको जलेश्वर बैठकले एक पृष्ठको निर्देशक दस्तावेज तयार गरेको थियो । त्यसलाई हामीले पार्टीको सैद्धान्तिक प्रस्तावना भन्ने गर्छौं । सो प्रस्तावनालाई २०८१ सालमा सम्पन्न राष्ट्रिय भेलाबाट विस्तार गरेका थियौं । उक्त दस्तावेजलाई पार्टी प्रशिक्षणमा महत्त्वपूर्ण विषयवस्तुका रूपमासमेत प्रयोग गर्‍यौं । जलेश्वर बैठकबाट तयार प्रस्तावना र राष्ट्रिय भेलाबाट पारित विस्तारित दस्तावेजमा महाधिवेशनले थप निखार ल्याउने छ । पार्टीको नीति विचार विभागले पनि नीतिसम्बन्धी आवश्यक काम गरिरहेको छ । प्रथम महाधिवेशनबाट नीति र नेतृत्व उजिल्याइन्छ ।

**नेतृत्व चयन सर्वसम्मत हुन्छ कि निर्वाचनमा जानुहुन्छ ?**

संवाद, सहमति र निर्वाचन, यो तीनवटै विषय लोकतान्त्रिक प्रक्रियाका अभिन्न अंग हुन् । त्यसकारणले गर्दा संवाद छैन भने लोकतान्त्रिक हुँदैन । एकात्मक निर्देशन र हुकुमी शैली राष्ट्रिय स्वतन्त्र पार्टीमा छैन । पार्टी सभापति असाध्यै लोकतान्त्रिक पक्षधर हुनुहुन्छ । संवाद, सहमति र आन्तरिक निर्वाचनबाट वडा, पालिका, जिल्ला र प्रदेश तहका समिति टुंग्याउन सभापतिज्यूले लिखितरूपमै आह्वान गर्नुभएको थियो । पार्टीभित्र संवाद, सहमति र आन्तरिक निर्वाचन हुन्छ । त्यो निर्वाचनबाट फुट ल्याउन नदिनेगरी बलियो सहकार्य पनि हुन्छ । संवाद र सहमतिलाई समेटेर पार्टी निर्माण गर्नुपर्ने अहिलेको आवश्यकता हो । यो पार्टी कसरी जन्मियो, यहाँसम्म कसरी आइपुग्यो, जम्मा चार वर्ष हुँदै छ, यसबीचमा के-कति उपलब्धि हासिल भए, आमजनताले कत्तिको आशा-भरोसा दिएर पठाउनुभएको छ, यी सबै कुरालाई विश्लेषण गर्दा पार्टी निर्माणको बृहत् चरण अझै बाँकी छ र त्यसका लागि आवश्यक प्रक्रिया लोकतान्त्रिक विधिमार्फत सम्पन्न गर्छौं ।

**रास्वपाको यस महाधिवेशनले के सन्देश दिन्छ ?**

महाधिवेशनले राजनीतिक परिवर्तनसँगै देशको मुहार फेर्न सम्भव छ भन्ने सन्देश दिन्छ । यस अगाडिका राजनीतिक परिदृश्य राजनीतिक दलमा नेता भइसकेपछि, नियुक्ति भएपछि, पद पाएपछि त्यही नेताकै वरिपरिमात्रै व्यवस्थाहरू घुमेको जस्तो देखिन्थ्यो । सुविधाहरू त्यसैको वरिपरि घुमेकोजस्तो देखिन्थ्यो । अब अहिले निर्ममरूपमा त्यसको समीक्षा गरेर, त्यसबाट पाठ सिकेर पार्टी निर्माण गर्ने चरणमा हामी आइपुगेका छौं । सरकार सञ्चालनको दृष्टिकोणबाट हेर्ने हो भने पनि नियत खराब राखेर कुनै पनि काम नहोस् भन्ने ढंगबाट काम भइरहेको छ भने त्यसलाई पार्टीले निर्देशित गरिराखेको छ । पार्टीको विधान, नियमावली र वाचापत्रले ‘सफा नियतले काम गर’ भनेर सरकारलाई निर्देशित गरेको छ । अब अपेक्षा राख्नुपर्छ कि मुलुक परिवर्तन हुन्छ ।

**रास्वपा गत फागुन २१ को निर्वाचनबाट करिब दुईतिहाइ सिटसहित संसद्मा प्रवेश गरेको छ । यहाँ सो पार्टीको मुख्य सचेतकको जिम्मेवारीमा हुनुहुन्छ । संसद्को पछिल्लो अभ्यासलाई कसरी नियाल्नुभएको छ ?**

संसद् विगतको निरन्तरतामै छ जस्तो लाग्छ । हामीले नियमितरूपमै जस्तो प्रस्तावहरू लिएर जाने, छलफल गर्ने, सामान्य प्रश्न-उत्तर गर्ने, ‘हुन्छ/हुन्न’ भनेर पारित गर्ने गरिरहेका छौं । हुन त संसदीय प्रक्रिया त्यही नै होला, तर यसलाई छरितो बनाउन आवश्यक छ । विशेषगरी संसद्मा पेस भएका प्रस्ताव तथा विधेयकलाई गहन अध्ययन गर्ने र त्यसमा रचनात्मक नागरिक सहभागिता अभिवृद्धि गर्नेमा ध्यान दिनुपर्छ । सदनमा पेस हुने विषयवस्तुको धेर-थोर अध्ययन-अनुसन्धान र त्यसबाट केही नयाँ तथ्यहरू आउँछन् कि भनेर खोजी गर्नुपर्नेमा यदाकदा कमी भएको महसुस भइरहेको छ । त्यसलाई बढाउनुपर्छ । सदनको अहिलेको अभ्यासलाई नागरिकमुखी बनाउनुपर्छ ।

**निर्वाचनपछि संसद्को पहिलो अधिवेशन चलिरहेको छ । सरकारले संसद्लाई ‘बिजनेस’ दिन सकेन भन्ने गुनासा सुनिन्छन्, त्यसलाई कसरी लिनुभएको छ ?**

अहिले हामी बजेट अधिवेशनमा छौं । विशेषगरी यो अधिवेशनमा बजेटका बारेमा बढी छलफल हुन्छ । सरकारले बजेट प्रस्तुत गर्ने, छलफल गर्ने र पारित गर्ने काम यसै अधिवेशनमा हुन्छन् । त्यस कारणले गर्दा अहिले विधेयकको कुराहरू तुलनात्मकरूपमा कम हुन्छ । तथापि, अध्यादेशमार्फत आएका कानुनसँगै सम्भव भएको अवस्थामा अन्य विधेयकहरू पनि सदनमा पेस गर्ने अभ्यास हुन्छ । फागुनमा निर्वाचित र चैतमा सांसदको शपथ ग्रहण गरेर आइसकेपछि हामीले धेरै काम गर्न भ्याएका छैनौं, हामी बजेटमै छिरिसक्यौं । सरकार पनि त्यसैमा केन्द्रित भएर काम गरिराखेको छ । मलाई लाग्छ, अब यो अधिवेशन पछाडि हामी असाध्यै रफ्तारमा कानुनहरू बनाउने, कानुनहरू सुधार गर्ने र औचित्यहीन कानुनलाई खारेज गर्ने प्रक्रियामा जान्छौं र त्यो प्रक्रिया छिट्टै सुरु हुन्छ ।

**यो अधिवेशन विगतभन्दा फरक हुन्छ ?**

सदनलाई विगतको अभ्यासभन्दा थप सृजनशील र परिणाममुखी बनाउँछौं ।

**संघीयताको सुदृढीकरण र जनअपेक्षा पूरा गर्न कतिपय कानुन अपुग भएको र केही कानुन बाधक भएको भन्ने टिप्पणी छ । सत्तारूढ दलको मुख्य सचेतकका हैसियतमा ती कानुनी जटिलता हटाउन यहाँको कस्तो भूमिका रहन्छ ?**

विकास निर्माणलाई अगाडि बढाउन सार्वजनिक खरिद ऐन नै बाधक भएको भन्ने हिसाबले व्यापक चर्चा सुनिन्छ । त्यसमा भएका असजिलालाई सम्बोधन गर्नेगरी सरकारले १०० बुँदे कार्यसूचीमा पनि केही विषय समेटेको छ । खरिद ऐनमा भएका अप्ठ्यारालाई समाधान गर्ने र त्यसलाई सुधार गरेर लैजाने सन्दर्भमा दलभित्र छलफल भएको छ । सरकारले संघीयता कार्यान्वयन गर्दै सुशासनको प्रत्याभूति दिने योजनाका साथ आफ्नो कामकारबाही अघि बढाएको छ । अधिकारहरू तल (स्थानीय तह) सम्म पुर्‍याउने योजनाका साथ काम भइरहेको छ । ‘गाउँगाउँमा सिंहदरबार’ भनेर जुन चर्चा गरिएको थियो, त्यो अहिलेसम्म हासिल भएन । २०७२ मा नयाँ संविधान बन्यो । २०७४ को चुनावमा गाउँ-गाउँमा सिंहदरबार भन्ने नारा आए । त्यसपछाडि करिब एक दशक बितिसक्दा पनि यसको कार्यान्वयन भएको छैन । यो सरकारले सुशासनको माध्यमबाट जनअपेक्षा पूरा गर्न खोज्दै छ । राहदानी र सवारी चालक अनुमतिपत्र घरमै पुर्‍याइदिने, नागरिकता लिन लाम बस्नुपर्ने र नागरिकता आवेदन गरेपछि त्यसलाई घरमै पुर्‍याइदिने काम गर्न खोजिरहेको छ । कानुन निर्माणमा छरितोपना हुनुपर्छ भनेर कानुन मन्त्रालयले ‘होमवर्क’ गरिरहेको छ । अन्य मन्त्रालयले पनि सेवा प्रवाहमा देखिएको जटिलता हल गर्न कानुनहरू कहाँ कसरी सुधार गर्नुपर्छ र कस्ता कानुनहरू बनाउनुपर्छ भनेर अध्ययन गरी कार्य प्रारम्भ गरिसकेका छन् । आगामी अधिवेशनमा यी कानुनहरू फटाफट आउँछन् ।

**प्रशासनिक संघीयता कार्यान्वयनसँग जोडिएको संघीय निजामती सेवा विधेयक चर्चामा छ । यो विधेयक नियमित अधिवेशनबाट आउँछ ?**

निजामती विधेयक नियमित अधिवेशनबाट नै आउँछजस्तो मलाई लाग्छ । सरकार त्यसको तयारीमा रहेको बुझिन्छ । यो नियमित कानुनबाटै आउँछ भन्ने मलाई लागेको छ । अन्य विधेयक पनि आउँदै छन् ।

**प्रधानमन्त्रीको अभिव्यक्तिलाई लिएर विपक्षी दलले सदनमा विरोध जारी राखेका छन् । सत्तारूढ दलले यसलाई कसरी लिएको छ ?**

सदनमा प्रतिपक्षले आफ्नो ‘एजेण्डा’ छाड्नु हुँदैन भन्ने एउटा मान्यताजस्तो बनेको छ । सत्तापक्षले वा सरकारले जुन विषय लिएर आयो, त्यसैमा प्रतिपक्षीले बोलेर हिँड्न हुँदैन भन्ने दृष्टिकोणबाट एउटा संस्कार बनेको छ । सदन त फेरि प्रतिपक्षको हो भन्ने दृष्टिकोण पनि छ । त्यसकारण प्रतिपक्षले प्रधानमन्त्रीको अभिव्यक्तिलाई नै ‘समातिराख्नुपर्छ’ भन्ने सोचेको हो कि जस्तो देखिन्छ । तर, सैद्धान्तिकरूपमा परराष्ट्रमन्त्रीज्यूले त्यो विषयलाई खण्डन गरिसक्नुभएको छ । परराष्ट्रमन्त्रीको स्पष्टीकरणले त्यस विषयमा थप चर्चा गर्नुपर्छ भन्ने ठाउँ राखेको छैन ।

**रास्वपाका वरिष्ठ नेता वालेन्द्र शाहको नेतृत्वमा नयाँ सरकार गठन भएको झण्डै १०० दिन पुग्न लागेको छ । सरकारको कामको समीक्षा कसरी गर्नुहुन्छ ?**

सरकार एउटा रफ्तारमा छ । यस अगाडिका सरकार र अहिलेको सरकारको कामको तुलना गर्दा केही गर्न खोजेको जस्तो देखिन्छ । तथापि, त्यसमा कानुन र विधि प्रक्रियाका केही अल्झनहरू छन् । त्यो पनि सुधार गर्दै जानुपर्छ । त्यसलाई पनि परिमार्जन गर्दै जानुपर्छ भन्नेमा सरकार दृढ छ । शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीमा व्यक्त प्रतिबद्धतालाई पूरा गर्न सरकार हरतरह प्रयासरत देखिन्छ । यसकारण पनि सरकार सफलताउन्मुख छ । जुन अपेक्षाले नागरिकले राष्ट्रिय स्वतन्त्र पार्टीलाई मत दिएका थिए, सो अपेक्षा पूरा गर्न रास्वपाले वरिष्ठ नेता वालेन्द्र शाहज्यूको नेतृत्वमा सरकार गठन गरेको हो । सरकारले आमजनताको अपेक्षा पूरा गर्ने गरी काम गरिरहेको छ ।

**निर्वाचनअघि जनतामाझ प्रस्तुत वाचापत्रका प्रतिबद्धता यो सरकारले पूरा गर्छ ?**

अवश्य पूरा गर्छ । निर्वाचनमा आफ्नै पार्टीले व्यक्त गरेको वाचापत्र र अरू पार्टीबाट सार्वजनिक भएका घोषणापत्रका मुख्य विषयहरू, जुन देश र जनताका हितमा छन्, ती विषयलाई समेटेर सरकारले विशिष्ट कार्ययोजना बनाएको छ । किनभने सरकारको अर्को दोस्रो काम नै छैन । नागरिककै अपेक्षा पूरा गर्ने र हामीले कबुल गरेका काम पूरा गर्ने नै अहिलेको सरकारको लक्ष्य भएको कारणले गर्दा सरकार अन्यत्र हिँडेको पनि देख्नुहुन्न, सरकार त्यसैमा केन्द्रित भएर काम गरिराखेको छ ।

**अन्त्यमा, मुलुक र जनताका लागि रास्वपाको सन्देश केही छ ?**

राष्ट्रिय स्वतन्त्र पार्टी आमनागरिकबाट प्रोत्साहन भएर र आमनागरिकले नै खडा गरेको पार्टी हो । आमनागरिकको बलमा उभिएको पार्टी हो । त्यसकारणले राष्ट्रिय स्वतन्त्र पार्टीले आमनागरिकको अपेक्षा र भावनाअनुरूप नै काम गर्छ । पार्टीले राष्ट्रिय हितमा काम गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । अझै धेरै अपेक्षाहरू हुन सक्छन्, त्यो सबैलाई पूरा गर्ने गरी राष्ट्रिय स्वतन्त्र पार्टीले एउटा बृहत् कार्ययोजना बनाएरै काम गरिराखेको छ । अहिले पार्टीको आसन्न महाधिवेशन छ । यसबाट नीति र नेतृत्वमा निखार पनि भएर जान्छ । त्यसपछाडि सरकार र पार्टीको काम गर्ने रफ्तार पनि बढेर जान्छ । पार्टीले सरकारमार्फत सम्पादन गरेका कामको नतिजाको प्रतीक्षा गर्न चाहन्छु । सबैका अपेक्षा पूरा गर्न राष्ट्रिय स्वतन्त्र पार्टी हरतरहले लाग्ने छ ।

- सामान्यतः महाधिवेशनलाई नेतृत्व परिवर्तन हुने, नयाँ नेतृत्वहरू आउने वा नेतृत्वमा फेरबदलहरू हुने रूपमामात्र हेरिन्छ । तर महाधिवेशनले नीति निर्माणमा पनि असाध्यै धेरै भूमिका खेलेको हुन्छ । नीति परिमार्जन र नीति निखारमा महाधिवेशन विशेष रहन्छ ।
- पार्टीभित्र संवाद, सहमति र आन्तरिक निर्वाचन हुन्छ । त्यो निर्वाचनबाट फुट ल्याउन नदिनेगरी बलियो सहकार्य पनि हुन्छ । संवाद र सहमतिलाई समेटेर पार्टी निर्माण गर्नुपर्ने अहिलेको आवश्यकता हो ।
- ‘गाउँगाउँमा सिंहदरबार’ भनेर जुन चर्चा गरिएको थियो, त्यो अहिलेसम्म हासिल भएन । २०७२ मा नयाँ संविधान बन्यो । २०७४ को चुनावमा गाउँ-गाउँमा सिंहदरबार भन्ने नारा आए । त्यसपछाडि करिब एक दशक बितिसक्दा पनि यसको कार्यान्वयन भएको छैन ।
- सदन प्रतिपक्षको हो भन्ने दृष्टिकोण छ । त्यसकारण प्रतिपक्षले प्रधानमन्त्रीको अभिव्यक्तिलाई नै ‘समातिराख्नुपर्छ’ भन्ने सोचेको हो कि जस्तो देखिन्छ । तर, परराष्ट्रमन्त्रीको स्पष्टीकरणले त्यस विषयमा थप चर्चा गर्नुपर्छ भन्ने ठाउँ राखेको छैन ।
- महाधिवेशनले राजनीतिक परिवर्तनसँगै देशको मुहार फेर्न सम्भव छ भन्ने सन्देश दिन्छ ।
- पार्टीको विधान, नियमावली र वाचापत्रले ‘सफा नियतले काम गर’ भनेर सरकारलाई निर्देशित गरेको छ । अब अपेक्षा राख्नुपर्छ कि मुलुक परिवर्तन हुन्छ ।
- अहिले हामी बजेट अधिवेशनमा छौं । अब यो अधिवेशन पछाडि हामी असाध्यै रफ्तारमा कानुनहरू बनाउने, कानुनहरू सुधार गर्ने र औचित्यहीन कानुनलाई खारेज गर्ने प्रक्रियामा जान्छौं । सदनलाई विगतको अभ्यासभन्दा थप सृजनशील र परिणाममुखी बनाउँछौं ।
- सरकार एउटा रफ्तारमा छ । यस अगाडिका सरकार र अहिलेको सरकारको कामको तुलना गर्दा केही गर्न खोजेको जस्तो देखिन्छ । तथापि, त्यसमा कानुन र विधि प्रक्रियाका केही अल्झनहरू छन् । त्यो पनि सुधार गर्दै जानुपर्छ ।



**अतिक्रमित संरचना भत्काइएपछि**

**पोखरा महानगरपालिकाले डोजर लगाएर हिजो भत्काएको पोखराको पृथ्वीचोकस्थित प्रस्तावित बसपार्क क्षेत्रमा अतिक्रमणत गरी निर्माण गरिएका संरचना । बसपार्कका लागि वि.सं. २०३२ मा २०६ रोपनी जग्गा अधिग्रहण गरिएको थियो ।** *तस्बिर: रासस*

# कुलो पुनर्निर्माण नहुँदा चार वर्षदेखि बाँझै छ माझीटार

**पाँचथर–** बाढीले बगाएको कुलो पुनर्निर्माण नहुँदा यहाँको माझीटारको फाँट चार वर्षदेखि बाँझिएको छ । खाद्यान्न र नगदेबाली उत्पादन गर्न नपाएपछि यहाँका बासिन्दाको जीविकोपार्जन कठिन बन्दै गएको छ ।

फिदिम नगरपालिका-४ र हिलिहाङ गाउँपालिका-७ को सीमास्थित तमोर नदी र हेंवाखोलाको किनारामा अवस्थित माझीटारको समथर खेतीयोग्य जमिनमा अहिले मकैबाहेक खेती हुन छाडेको छ। २०८० असार ३ गते आएको बाढीले माझीटारमा हेंवाखोलाबाट ल्याइएका दुईवटा सिँचाइ कुलो क्षतिग्रस्त बनाएको थियो । कुलाको मुहान भएको स्थानमा बाढीका कारण खोला गहिरिएपछि फिदिम र हिलिहाङ दुवैतर्फ सञ्चालित कुलो पूर्णरूपमा बन्द भएका छन् । जसकारण चार वर्षदेखि धान, सागसब्जी, नगदेबाली र फलफूलखेती हुन नसकेको फिदिम-४ की मीना माझीको भनाइ छ ।

खेतीपाती गर्न नसकेपछि आफूहरूको जीविकोपार्जन कठिन बनेको ६० वर्षीया मीनाले बताइन् । 'पहिले आफैंले फलाएर खान पुर्‍याउने गर्दथ्यौं । अहिले महिनैपिच्छे किनेर खानुपरेको छ,' मीनाले भनिन्, 'अहिले त हातमुख जोड्न पनि ऋण गर्नुपर्ने अवस्था छ । ठ्याक्कै चार वर्ष भयो, यहाँ बाँझिएको ।' पशुपालन र माछा मारेर हुने आम्दानीले जीविका चलेको उनको भनाइ छ ।

सिँचाइ सुविधा नहुँदा यहाँ करिब ५०० मुरी धान फल्ने खेत बाँझिएको छ । बाढीले करिब १२० मुरी धान फल्ने खेत कतै कटान गरेको छ भने कतै पुरेको छ । बाँकी खेत पनि सिँचाइ सुविधा नहुँदा बाँझिएको हिलिहाङ-७ का वीरबहादुर माझीको भनाइ छ । 'धेरै खेत बाढीले लग्यो, बाँकी रहेकामा पनि कुलो भत्किएर बाँझै राख्नुपर्‍यो,' वीरबहादुर भने, 'हामीले असाध्यै कष्ट भोग्नुपरेको छ ।'

चार वर्षदेखि निरन्तरको बाढीपहिरोका पहिलेजस्तो प्रशस्त माछा पाइन छाडेको स्थानीयवासी बताउँछन्। केही माझी परिवारले माछाका परिकारसहितका होटल सञ्चालन गरेर जीविकोपार्जन गर्ने गरेका छन् । यहाँका धेरै युवाहरू भने देश तथा विदेशमा श्रमिकका



रूपमा काम गर्न थालेका छन् ।

'यहाँ खेतीपाती नहुने अवस्था आयो । माछा पनि प्रशस्तै पाइन्न, फाट्टफुट्ट पाइन्छ । त्यसैले धेरै युवाहरू यहाँबाट बाहिरिएका छन्,' स्थानीयवासी एवं हिलिहाङ-७ का वडा सदस्य रामकुमार माझीले भने, 'हामीले माछाका परिकारमा आधारित व्यवसाय प्रवर्द्धनको प्रयास गरिरहेका छौं, तर पर्याप्त हुनसकेको छैन ।'

अधिकांश माझी समुदायका घर भिरालो जमिनमामात्रै छ, जहाँ उनीहरूको आफ्नै जग्गा छ । यहाँ रहेको खेतीयोग्य समथर जमिन माझी समुदायले बन्धकी, अधिया, कुत, ठेक्कालगायत सर्तमा लिएर खेती गर्दै आएका थिए । तर चार वर्षअघिको बाढीले बगाएको सिँचाइ कुलो पुनर्निर्माण गर्न अझैसम्म कुनै पनि निकायले चासो नदेखाएकामा माझी समुदाय असन्तुष्ट छन् ।

'हामीले भन्नचाहिँ सबै ठाउँमा भनेका थियौं । सबै लागेर हामीलाई सहयोग गरिदिनु भनेर अनुरोध पनि गर्‍यौं,' माझी समुदायका अगुवा ७० वर्षीय जसबहादुर माझीले भने, 'सरकारले पनि थोरैथोरै त राहत दिनुपर्ने हो । यहाँ सबैभन्दा पछाडि परेका मानिस छौं । मद्दत माग्न जाँदाजाँदै हाम्रो जिन्दगी बित्ने भयो ।' स्थानीय सरकारहरूले पर्याप्त सहयोग नगर्दा माझी समुदाय 'बत्तीमुनिको अँधेरो'को अवस्थामा पुगेको जसबहादुरको गुनासो छ ।

माझीटारबाटै पुष्पलाल (मध्यपहाडी) राजमार्ग र तमोर करिडोर सडक अघि बढेका छन् । तर सधैं हरियाली हुने माझीटारमा मकैबाहेकका खेतीपाती नहुँदा यहाँको पर्यटनसमेत प्रभावित भएको स्थानीय व्यवसायी रमेश तामाङले बताए । 'यहाँको फाँटमा खेती हुँदा मनमोहक देखिन्थ्यो, अब त बाँझिएरै सकिने भयो,' तामाङले भने, 'यसले आन्तरिक पर्यटकको आगमनलाई असर गरेको छ ।'

हिलिहाङ गाउँ कार्यपालिकाका सदस्य वीरेन्द्र मगराती विपद्‌बाट प्रभावित योजनाहरूको पुनर्निर्माण तथा प्रभावितलाई सहयोग गर्ने बजेट नहुँदा समस्या भएको बताउँछन्। 'विपद्‌बाट क्षति भएका संरचनाको पुनर्निर्माणमा संघ र प्रदेश सरकारबाट कुनै पनि बजेट नआउनु दुःखद् पक्ष हो। स्थानीय तहको स्रोतले नभ्याएका स्थानमा माथिल्ला सरकारले सहयोग गरिदिए हुन्थ्यो ।' माझीटारमा माझी र तामाङ समुदायका गरी ४१ घर छन् भने बाहिरबाट गएर राजमार्गमा आधारित होटल सञ्चालन पनि भइरहेका छन् । *रासस*

# अभिभावकविहीन बालबालिकाको सहारा बन्यो तमानखोला गाउँपालिका

**ढोरपाटन (बागलुङ)–** बागलुङको तमानखोला गाउँपालिकाले अभिभावकविहीन बालबालिकाको अभिभावकत्व ग्रहण गरी सहारा दिएको छ । आमाबुबा गुमाएर बेसहारा बनेका बालबालिकलाई निःशुल्क खान, बस्न र शिक्षाको चार वर्षदेखि सुनिश्चित गर्दै आएको छ ।

गाउँपालिकाले वडा नं ३ तमान गाउँपालिमा दुईवटा घर भाडामा लिएर 'तमानखोला बालगृह' नै सञ्चालन गरी बालबालिकाको स्याहारसुसारसहित पठनपाठन गराउँदै आएको छ। वि.सं. २०७९ देखि सुरु भएको बालगृहमा पालिकाभरका बेसहारा बालबालिकाले आवासीय सेवा लिँदै आएका हुन् । गाउँपालिकाले सुरुमा १० लाख रूपैयाँ विनियोजन गरी बालगृह सञ्चालन गरेको थियो ।

बालगृहमा बस्ने बालबालिकालाई नजिकैको धनगौ ज्योति माध्यमिक विद्यालयमा कक्षा १० सम्म पढाउँदै आएको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले जानकारी दिए । एसइई उत्तीर्णपछि उनीहरूले चाहेअनुसार कक्षा ११ र १२ पढाउने उनले विश्वास दिलाए । अहिले बालगृहमा बस्ने बालबालिका कक्षा ३ देखि कक्षा १० सम्म अध्ययन गर्दै आएको अध्यक्ष बुढामगर बताउँछन् ।

अध्यक्ष बुढामगरले भने, 'कोही पनि बालबालिका बेसहारा बन्न नपरोस् भन्ने हामीले बालगृह सञ्चालन गरेका हौं, अहिलेसम्म धेरै बालबालिकाले यहाँ आश्रय लिएका छन्, स्थानीय सरकारले बालबालिकाको मौलिक अधिकारको संरक्षण र राज्यको अनुभूति दिलाउनुपर्छ ।'

अहिले बालगृहमा १६ जना बालबालिका आश्रित छन् । जिल्लास्थित विभिन्न संघसंस्थाले 'तमानखोला बालगृह' खाद्यन्न, तत्ताकपडा, शैक्षिक सामग्री सहयोग गर्दै आएका छन् । बालगृहका अध्यक्ष तथा तमानखोला गाउँपालिका-३ का अध्यक्ष झकबहादुर बुढामगरले बालबालिकालाई पारिवारिक वातावरणमा आश्रय लिएको बताए ।

सुरुमा बालगृहमा आएर बस्न धेरैले नमाने पनि अहिले धेरै अभिभावकविहीन बालबालिकाको रोजाइमा परेको उनको भनाइ छ । बालबागृहमा बस्ने बालबालिकाको उच्च शिक्षासहित रोजगारीको ग्यारेन्टीसमेत पालिकाले गर्ने बुढामगरले बताए । बालगृह सञ्चालनका लागि 'तमानखोला विकास कोष'समेत स्थापना गरिएको छ । *रासस*

# चुरे बस्तीमा बाघ आतंक

**महोत्तरी–** महोत्तरीको चुरेकाछका बस्तीमा बाघको आतंक बढेको छ । जिल्लाको पूरै चुरे क्षेत्र ओगटेको बर्दिबास नगर क्षेत्रका काछ बस्तीमा पछिल्लो साता बाघको आतंक बढेको हो ।

गत आइतबार बर्दिबास-५ टुटेश्वर सिरानको वरडाँडा बस्तीमा राति गोठ पसेर घरपालुवा पशुवस्तु मारेको बाघ अहिले नगरको पूर्वी काछ बस्तीमा आइपुगेको छ । गोठ पसेर गाईगोरु, बोका, बाख्रा र सुँगुर मार्ने वन्यजन्तु पाटे बाघ भएको शुक्रबार राति पहिचान भएको छ ।

'लगातार चार दिनदेखि बर्दिबास-३ को रातु नदीको पश्चिमतिरको पाटु डाँडामा राति बोका, बाख्रा र सुँगुर मारेको थियो, कुन जन्तु हो यकीन भएको थिएन,' बर्दिबास-३ का वडाध्यक्ष विराट विष्टले भने, 'शुक्रबार राति भने पहरा दिएर बसेका गाउँलेले सानो बच्चा (डमरु) सहित पाटेबाघ देखेका हुन् ।' राँको बालेर टिन ठटाएपछि बाघ घना जंगलभित्र पसेको पाटुकै बासिन्दा कारेभोगटे सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष रमेश पौडेल खत्रीले बताए ।

'हाम्रो बस्तीमा बुधबार रातिदेखि लगातार सुँगुर, बोका र बाख्रा खोरबाटै थुतेर मारेको थियो, कहिले मार्‍यो चिनिएको थिएन,' खत्रीले भने, 'हिजो शुक्रबार साँझैदेखि पहरा दिएर बस्यौं, बच्चासहितको पाटे बाघ देखियो ।' शुक्रबार राति बाघ जंगल पसेपनि स्थानीय आतंकित भएका छन् ।

बाघले बुधबार राति पाटु डाँडाका कृष्णबहादुर मगरको सुँगुरको चार-पाँच धार्नीको पाठो र बिहीबार राति रूपमायाँ खड्काको आठ-नौ धार्नीको बोका र गर्भिणी बाख्रा खोरबाटै थुतेर लगेर मारेको थियो । यसअघि करिब १५ किलोमिटर पश्चिमको बर्दिबास-५ वरडाँडामा बाघले साताको प्रारम्भमा सो बस्तीका प्रेमबहादुर थिङको लैनो गाई र वृजबहादुर थिङको बाछो मारेको थियो । वरडाँडाका बासिन्दाले पनि मंगलबार राति राँको बालेर होहल्ला गरेपछि बाघ पूर्व लागेको थियो ।

बाघको आतंक बढेपछि बस्ती वरपर खेतबारी हिँड्डुलमा पनि डर भएको पाटुकै बासिन्दा ओमबहादुर खड्का बताउँछन् । अहिले चुरे काछका बासिन्दाहरू बाघ बस्ती पस्न नदिन वनसम्बन्ध अधिकारीसँग गुहार लगाइ रहेका छन् ।

यसैबीच, चुरे क्षेत्रका सामुदायिक वन उपभोक्ता समिति र वनसम्बद्ध यस क्षेत्रका कार्यालयले साँझपख हिँड्डुल नगर्न, बस्ती वरपर चनाखो भएर रहन र घरपालुवा पशुवस्तु खोर वा गोठमा बन्दिलो गरी सुरक्षित राख्न अपिल गरेका छन् । *रासस*

# नसर्ने रोगको जोखिम घटाउन समुदायमा सचेतना

**नेपालगञ्ज–** नसर्ने रोगको बढ्दो जोखिमलाई न्यूनीकरण गर्न समुदायमा सचेतना अभिवृद्धि गर्न थालिएको छ । पछिल्लो समय उच्च रक्तचाप, मधुमेह, मुटुरोग, क्यान्सर र श्वासप्रश्वाससम्बन्धी दीर्घरोगका बिरामीको संख्या बढ्दै गएपछि रोकथामका उपायबारे जनचेतना फैलाउने उद्देश्यले बाँकेको राप्तीसोनारी गाउँपालिकामा सचेतानमूलक कार्यक्रम सञ्चालन गरिएको छ ।

राप्तीसोनारी गाउँपालिका अध्यक्ष तप्तबहादुर पौडेलले स्थानीय सरकारले नागरिकको स्वास्थ्यलाई मध्यनजर गर्दै विभिन्न समयमा निःशुल्क स्क्रिनिङ, जनचेतना तथा विभिन्न सचेतनाका कार्यक्रम गर्दै आइरहेको जानकारी दिए ।

भेरी अस्पतालका प्रमुख कन्सल्टचान्ट फिजिसियन डा. राजन पाण्डेले नसर्ने रोग रोकथामका लागि जीवनशैली बदल्ने कुरा चुनौतीपूर्ण रहेको उल्लेख गर्दै खानपिन र शारीरिक अभ्यास गर्न सुझाव दिए । उनले नसर्ने रोगको प्रमुख कारण अस्वस्थ खानपान, शारीरिक गतिविधिको कमी, धूमपान, मद्यपान तथा तनावपूर्ण जीवनशैली भएकोमा जोड दिँदै रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा नसर्ने तर जीवनशैलीसँग प्रत्यक्ष सम्बन्धित भएकाले समयमै सचेतना अपनाउनसके जोखिम कम गर्न सकिने उल्लेख गरे ।

पछिल्लो तथ्यांकअनुसार समुदायमा सर्ने रोगभन्दा नसर्ने रोगबाट मानिसको मृत्यु हुने संख्यामा उल्लेखनीय वृद्धि हुँदै गइरहेको भन्दै उनले सुगर, प्रेसर, क्यान्सर, मुटु, मानसिक समस्यालगायतका नसर्ने रोगका कारण भयावह स्थिति आउन नदिन, न्यूनीकरण गर्न तथा रोकथामका लागि समयमै चेकजाँच गर्नुपर्ने, उपचारको दायरामा ल्याउने र निरोगी व्यक्तिलाई रोग लाग्नैबाट जोगाउन विभिन्न सचेतनाका कार्यक्रम महत्त्वपूर्ण हुने डा. पाण्डेले बताए ।

उनले नसर्ने रोगबाट जोगिनका लागि गुलियाजन्य पदार्थ, सुर्तीजन्य पदार्थ, मदिरा, नुनिलो, चिल्लोजन्य पदार्थको प्रयोग र सेवनमा पूर्णतया बन्देज गर्न आवश्यक भएको धारणा व्यक्त गरे । उपभोक्ता हित संरक्षण मञ्चका केन्द्रीय सचिव तथा अधिवक्ता वसन्त गौतमले नसर्ने रोग रोकथामका लागि स्वास्थ्यकर्मी तथा सरोकारवालाई क्षमता अभिवृद्धि तालिम प्रदान गर्नुका साथै सुर्तीजन्य पदार्थको रोकथाम तथा नियमन र यसको न्यूनीकरण तथा मदिराको नियमन र असरका न्यूनीकरणसम्बन्धी कार्यक्रम आवश्यक भएको बताए ।

उपभोक्ता हित संरक्षण मञ्च बाँकेका अध्यक्ष सुरेश गौतमले पछिल्लो समय स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रमले सकारात्मक प्रभाव पारेको बताउँदै स्वस्थ जीवनशैली अपनाउने बानीको विकास भएमा नसर्ने रोगबाट हुने मृत्यु तथा स्वास्थ्य जटिलता उल्लेखनीयरूपमा घटाउन सकिने विश्वास गरिएको बताए । होप ट्रेनिङ एण्ड रिसर्च सेन्टरका अध्यक्ष राजन गौतमले नसर्ने रोग घटाउन तथा रोकथामका लागि सरोकारवालाको क्षमता अभिवृद्धि गरी पैरवी, अनुगमन र कानुनी विशेषज्ञतामार्फत स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए ।

राप्तीसोनारी गाउँपालिकाको सहयोग, साइविरियमको प्राविधिक समन्वय तथा होप ट्रेनिङ एण्ड रिसर्च सेन्टर र उपभोक्ता हित संरक्षण मञ्चको आयोजनामा उक्त कार्यक्रम आयोजना भएको हो । *रासस*

# देवघाटमा बाँदर आतंक नियन्त्रणका लागि दीर्घकालीन नीति ल्याउन माग

**दमौली (तनहुँ)–** तनहुँको देवघाट गाउँपालिकाका स्थानीयवासीले देवघाट क्षेत्रमा बढ्दो बाँदर आतंकलाई समस्याका रूपमा उठाउँदै दीर्घकालीन समाधानका लागि स्पष्ट नीति निर्माण गर्न गाउँपालिकालाई आग्रह गरेका छन् ।

धार्मिक, पर्यटकीय तथा कृषि उत्पादनको दृष्टिले महत्त्वपूर्ण मानिने देवघाट क्षेत्रमा पछिल्ला वर्षमा बाँदरको संख्या उल्लेखनीय रूपमा बढ्दै गएको छ । बाँदरका कारण खेतीपातीमा ठूलो क्षति पुग्नुका साथै स्थानीय बासिन्दा र धार्मिक पर्यटकसमेत असुरक्षित बन्न पुगेको गुनासो स्थानीयको छ ।

देवघाटमा दैनिकजसो बाँदरले घर, पसल तथा खेतीबालीमा क्षति पुर्‍याउने गरेकामा कृषक सबैभन्दा बढी मारमा पर्दै आएका छन् । बाँदरका कारण मकै, गहुँ, तरकारी तथा फलफूलखेती जोगाउन कठिन बन्दै गएको स्थानीयको भनाइ छ । बाँदरसम्बन्धी समस्याले कृषिमा निर्भर परिवारको आयआर्जनमा प्रत्यक्ष असर परेको भन्दै स्थानीय सरकारले यस विषयलाई गम्भीरतापूर्वक लिनुपर्ने माग गरिएको छ ।

स्थानीय रामहरि पुडासैनीले बाँदर व्यवस्थापनको विषय विगतका निर्वाचनमा प्रमुख एजेण्डाका रूपमा उठ्दै आएको स्मरण गराउँदै अब त्यसलाई व्यवहारमा उतार्ने समय आएको बताए । उनले बाँदरको समस्या केवल कृषिसँग मात्र सम्बन्धित नभई धार्मिक पर्यटनसँग जोडिएको विषय रहेको उल्लेख गरे । देवघाट धार्मिक पर्यटकको प्रमुख गन्तव्य हो ।

त्यहाँ पुग्ने पर्यटक बाँदरको आक्रमण र हैरानीका कारण असहज महसुस गर्न बाध्य छन्,' उनले भने, 'स्थानीय सरकार, वन कार्यालय र सम्बन्धित निकायबीच समन्वय गरेर वैज्ञानिक तथा दीर्घकालीन समाधान खोज्नुपर्छ ।'

स्थानीय किरण सुवेदीले बाँदर आतंकका कारण स्थानीय बासिन्दा लामो समयदेखि समस्यामा परिरहेको बताउँदै गाउँपालिकाले अब ठोस योजना र नीति ल्याउनुपर्ने धारणा राखे । उनले आगामी बजेट तथा कार्यक्रममा यसलाई प्राथमिकतामा राख्न आग्रह गरे । देवघाटको धार्मिक तथा पर्यटकीय छविमा नकारात्मक असर पर्न नदिन बाँदर व्यवस्थापन अपरिहार्य रहेको स्थानीयको सामूहिक आवाज छ । *रासस*

# डोटीमा सशस्त्र प्रहरीको विपद् व्यवस्थापन वेस स्थापना

**काठमाडौं (प्रस)–** डोटीको जोरायल गाउँपालिका-२ स्थित बुडरमा सशस्त्र प्रहरी बल नेपालको विपद् व्यवस्थापन वेस स्थापना गरिएको छ । सशस्त्र प्रहरी नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय कैलालीका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक दिगविजय सुवेदीले उक्त वेस उद्‌घाटन गरेका हुन् ।

डोटीको सदरमुकाम सिलगढीबाट करिब १३५ किलोमिटर पश्चिम दक्षिणी भेकमा स्थापना गरिएको सो वेसमा सशस्त्र प्रहरी निरीक्षकको कमाण्डमा विपद् उद्धारका आवश्यक सामग्रीसहितको टोली खटिएको सशस्त्रका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए ।

यससँगै सशस्त्र प्रहरीमा विपद् व्यवस्थापन वेसको संख्या १६ पुगेको छ । जसमध्ये बागमतीमा चार,



सुदूरपश्चिममा तीन, कोशी, मधेस, गण्डकी र कर्णालीमा दुई-दुई र लुम्बिनी प्रदेशमा एक वटा वेस स्थापना गरिएको छ। सशस्त्र प्रहरीले गत वैशाख महिनामा चतरा (सुनसरी), भारदह (सप्तरी), भकुण्डेवेशी (काभ्रेपलाञ्चोक), आरुघाट (गोरखा), बालडाँडा (जुम्ला) र डुडेझरी (कैलाली)मा विपद् व्यवस्थापन वेस स्थापना गरेको थियो ।

धनकुटाको मुलघाट, बाराको निजगढ, धादिङको आदमघाट, सिन्धुलीको खुर्कोट, मकवानपुरको कुलेखानी, म्याग्दीको नारच्याङ, दाङको भालुवाङ, सुर्खेतको चिप्ले र डडेलधुराको अमरगढीमा सशस्त्रको विपद् व्यवस्थापन वेस सञ्चालनमा छ । सिन्धुलीको खुर्कोट र म्याग्दीको नारच्याङ वेसमा सशस्त्रका गोताखोर तैनाथ छन् भने अन्यमा तालिम प्राप्त टोली रहेको उनले जानकारी दिए ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८६७०० | प्रति तोला – ० | प्रति तोला – ४६४० |



**मेसिनबाट धान रोपाइँ** | कैलालीको जानकी गाउँपालिका-४ मुनुवामा आधुनिक रोपाइँ गर्ने यन्त्रले रोपाइँ गर्दै किसान । यस यन्त्रले रोपाइँ गर्दा सहज हुने गरेको किसान बताउँछन् । *तस्बिर: रासस*

## उखु र बेसारको प्रवर्द्धनमा विनयीत्रिवेणी

■ प्रभाव संवाददाता

**त्रिवेणी** – नवलपरासी (बर्दघाट सुस्ता पूर्व) नवलपुरको विनयी त्रिवेणी गाउँपालिकाले उखु र बेसारखेतीको व्यावसायिक प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै उत्पादन वृद्धि तथा किसानको आयआर्जन बढाउने अभियानलाई तीव्रता दिएको छ ।

गाउँपालिकाले स्थानीयस्तरमा रहेका सम्भावनाको अध्ययन गरी नगदे बालीका रूपमा उखु र बेसारखेती विस्तारमा विशेष जोड दिएको हो ।

सात वटा वडामा फैलिएको गाउँपालिकामा कृषिलाई मुख्य आयआर्जनको आधार बनाउने लक्ष्यसहित विभिन्न कार्यक्रम सञ्चालन भइरहेका छन् । गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमअन्तर्गत सञ्चालित 'नगदे बाली खेती प्रविधि अनुकूलन तथा व्यवसायीकरण कार्यक्रम'मार्फत उखु र बेसारखेतीको उत्पादन बढाउन विभिन्न योजना कार्यान्वयनमा ल्याइएको गाउँपालिका अध्यक्ष घनश्याम गिरीले बताए ।

अध्यक्ष गिरीका अनुसार कृषिबाट स्थानीय नागरिकको आर्थिक अवस्था सुधार गर्ने उद्देश्यले गाउँपालिकाले किसानलाई आवश्यक प्रविधि, बीउबिजन, कृषि सामग्री तथा अनुदान उपलब्ध गराउँदै आएको छ । 'कृषि उत्पादन बढेमा किसानको आम्दानी स्वतः बढ्छ र स्थानीय अर्थतन्त्र पनि सबल बन्छ', उनले भने, 'त्यसैले हामीले सम्भावना भएका नगदे बालीको उत्पादन वृद्धि गर्न नवप्रवर्तन कार्यक्रममार्फत लगानी गरिरहेका छौँ ।'

गाउँपालिकाका कृषि प्राविधिक मनोज चापागाईंका अनुसार उखु र बेसारखेती विस्तारका लागि किसानलाई समूहमा आबद्ध गराई कार्यक्रम सञ्चालन गरिएको छ । उखुखेती गर्ने किसानलाई उन्नत जातको बीउ, बाली संरक्षण सामग्री तथा उत्पादन वृद्धि गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइएको छ । त्यस्तै उखुखेती हुने क्षेत्रमा सिँचाइको सुविधा विस्तार गर्न साना सिँचाइ आयोजनाअन्तर्गत डिप बोरिङ निर्माणसमेत गरिएको उनले बताए ।

बेसारखेती गर्ने किसानका लागि भने बीउ, प्रांगारिक मल, सुरक्षा सामग्री तथा प्राविधिक परामर्श उपलब्ध गराउने गरिएको छ । मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रमअन्तर्गत करिब रु एक करोड ५० लाख लगानी गरी उखु र बेसारखेती प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिएको चापागाईंले जानकारी दिए । उनका अनुसार बेसारखेती गर्ने आठ वटा कृषक समूहलाई ३० टन बेसारको बीउ उपलब्ध गराइएको छ ।

यस क्षेत्रमा बेसार उत्पादनको सम्भावना राम्रो रहेको, सिँचाइको आवश्यकता कम पर्ने तथा बजार व्यवस्थापन अपेक्षाकृत सहज भएकाले बेसारखेतीलाई विशेष प्राथमिकता दिइएको कृषि प्राविधिक चापागाईंले बताए । उत्पादन बढेसँगै स्थानीय किसानले राम्रो आम्दानी लिन सक्ने विश्वास गाउँपालिकाको छ ।

उखु उत्पादनका लागि गाउँपालिकाको वडा नम्बर ६ र ७ उपयुक्त क्षेत्र भएकाले सोहीअनुसार कार्य गरिएको छ । बेसारखेतीका लागि वडा नम्बर १, २, ३ र ४ लाई विशेष प्राथमिकता दिएर काम गरिएको कृषि प्राविधिक चापागाईंले बताए ।

कृषिमा यान्त्रिकीकरणलाई प्रोत्साहन गर्न गाउँपालिकाले कृषक समूहलाई ट्याक्टर, रोटाभेटर, कल्टीभेटर र ट्रलीलगायत कृषि उपकरण हस्तान्तरण गरेको छ । पचास प्रतिशत अनुदानमा दुई वटा कृषक समूहलाई ट्याक्टर उपलब्ध गराइएको छ भने जैविक मल उत्पादन गरिरहेको विनयी सामुदायिक वनसँगको साझेदारीमा मल उत्पादन र ढुवानीलाई सहज बनाउन एउटा ट्याक्टरसहित आवश्यक सामग्री प्रदान गरिएको छ ।

राहुघाट जलविद्युत् आयोजना

## भौतिक संरचना परीक्षण गर्न सुरु

**म्याग्दी–** नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगंगा हाइड्रोपावर प्रवर्द्धक रहेको ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाका भौतिक संरचनाको परीक्षण थालिएको छ । रघुगंगा गाउँपालिका-४ दग्नाम र वडा नं ५ झिँको फेदीमा बाँध, छ किलोमिटर २७० मिटर लामो मुख्य सुरुङ र दुई वटा पानी थिग्राउने पोखरीको परीक्षण थालिएको हो ।

रघुगंगा हाइड्रोपावरका प्रबन्ध सञ्चालक गणेश केसीले बाँधमा निर्माण भएको डिसेन्डरमा शुक्रबार पानी हालिएको र आइतबारदेखि सुरुङमा पानी भरिने जानकारी दिए । 'निर्माण सकिएका बाँध र सुरुङका भौतिक संरचनाको परीक्षण गर्न थालिएको हो', उनले भने, 'भौतिक संरचना र विद्युत् गृहका उपकरणहरूको परीक्षणपछि आयोजना विद्युत् उत्पादनको चरणमा प्रवेश गर्छ ।'

तिल्केनीचौरमा विद्युत्गृह निर्माण सकेर रङरोगन गर्न थालिएको छ । बीस मेगावाटको एक युनिट जडान भइसकेको छ भने अर्को युनिटका पाटपुर्जा जडान अन्तिम चरणमा पुगेको छ । आयोजनाबाट उत्पादित विद्युत्लाई केन्द्रीय प्रसारण लाइनमा जोड्नका लागि विद्युत्गृह परिसरमा निर्माण भएको 'स्विचयार्ड' गत जेठ २५ गतेदेखि सञ्चालनमा आएको प्रबन्ध सञ्चालक केसीले बताए ।

भारतीय सिभिल ठेकेदार कम्पनी जयप्रकाश एसोसिएट्स (जेपी)ले ४५ महिनामा सम्पन्न गर्ने लक्ष्यसहित सन् २०१७ नोभेम्बर १७ (विसं २०७४ मङ्सिर ६ गते) रु छ अर्बमा ठेक्का सम्झौता गरेको थियो । पटकपटक गरी सन् २०२५ नोबेम्बरसम्मका लागि तेस्रो पटक म्याद थपिएको थियो । चौथो पटक थपिएको समयभित्र आयोजना सम्पन्न गराउने लक्ष्यअनुसार काम भइरहेको प्रबन्ध सञ्चालक केसीले बताए ।

कोरोना महामारी, बाढी, पहिरो जस्ता प्राकृतिक विपद् र नदीजन्य निर्माण सामग्रीको अभावका कारण आयोजना निर्माणमा ढिलाइ भएको ठेकेदार कम्पनी जेपीका आयोजना व्यवस्थापक हरिश अग्रवालले बताए । भारत हेभी इलेक्ट्रिकल्स लिमिटेड (भेल) सँग विसं २०७६ कात्तिकमा एक करोड दुई लाख ९३ हजार २२.३५ अमेरिकी डलरमा इलेक्ट्रोमेकानिकल ठेक्का सम्झौता भएको थियो । भारतीय आयातनिर्यात (एक्जिम) बैङ्कको ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा नेपाल विद्युत् प्राधिकरण र नेपाल सरकारको संयुक्त लगानीमा कम्पनीको अवधारणा र इन्जिनियरिङ प्रक्युमेन्ट एन्ड कन्ट्र्याक्ट (इपिसी) प्रारूपमा राहुघाट जलविद्युत् आयोजना सञ्चालन गरिएको हो ।

कमजोर आर्थिक अवस्थाका कारण २०७२ मा पुरानो ठेकेदार कम्पनीसँगको ठेक्का तोडेर नयाँ प्रक्रियाबाट निर्माण अघि बढाइएको थियो । पछिल्लो पटक छनोट भएको सिभिल ठेकेदार जयप्रकाश एसोसिएट्स (जेपी)ले २०७५ असारमा पहुँचमार्ग र २०७६ असारमा सुरुङ खन्न सुरु गरेको थियो ।

यस आयोजनाले वार्षिक २४ करोड पाँच लाख ९३ हजार ३४ युनिट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित २०७५ चैतमा विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) गरेको थियो । राहुघाटबाट उत्पादन हुने विद्युत् केन्द्रीय ग्रिडमा जोड्न कालीगण्डकी कोरीडोर अन्तरगत २२० केभी (डबल सर्किट) क्षमताको दाना-कुश्मा प्रसारण लाइनमा लिलो माध्यमबाट जोडिने छ । चार वटा टावर र प्रसारण लाइन पनि बनिसकेको आयोजना कार्यालयले जनाएको छ । *रासस*

## गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आउँछः पर्यटनमन्त्री

**रूपन्देही (प्रस)–** संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री खडक राज पौडेलले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन हुने बताएका छन् । ट्राङ्क्विलिटी स्पाले शुक्रबार रूपन्देहीको भैरहवामा आयोजित गरेको एक कार्यक्रममा उनले यसको लागि सरकारले आवश्यक गृहकार्य गरिरहेको जानकारी दिए ।






राजनीतिक तथा कुटनीतिक कारणले विमानस्थल नचलेको भन्ने कुरामा सत्यता नरहेको उनको भनाइ थियो । मन्त्री पौडेलले नीतिगत त्रुटी मूलभूत कारण भएको उल्लेख गर्दै यसलाई सच्याउने कार्य भइरहेको उनको भनाइ छ । पौडेलले भने, 'घरमै बसेर श्रम स्वीकृति लिन सकिने व्यवस्था गरिएको छ । यसका लागि काठमाडौँ जान पर्दैन ।'

मन्त्री पौडेलले जहाजमा केवल नेपाली श्रमिकलाई विदेश लैजाने र घर ल्याउनेभन्दा पनि पर्यटक (यात्रु) ल्याउन प्रवर्द्धनका कार्यक्रम गर्न आवश्यक रहेको बताए । उनले भविष्यमा निजगढ विमानस्थल पनि बन्नुपर्ने बताए ।

## 'सहकारीप्रति सकारात्मक दृष्टिकोण बनाउनुपर्छ'

**ललितपुर (प्रस)–** बागमती प्रदेश सरकारकी सहकारी तथा गरिबी निवारणमन्त्री विणु रायमाझी पौडेलले सहकारी संस्थाहरूप्रति सकारात्मक दृष्टिकोण बनाउन आवश्यक रहेको बताएकी छिन् । सहकारी आन्दोलनले महिला सशक्तिकरण, उद्यमशीलता विकास तथा आर्थिक सुदृढीकरणमा महत्वपूर्ण योगदान पुर्‍याएको उल्लेख गर्दै उनले केही संस्थाका कमजोरीका आधारमा सम्पूर्ण सहकारी क्षेत्रलाई नकारात्मक रूपमा हेर्न नहुने धारणा व्यक्त गरिन् ।

ललितपुरमा राष्ट्रिय सहकारी महासङ्घद्वारा आज आयोजित अन्तर्राष्ट्रिय महिला सहकारी सम्मेलनलाई सम्बोधन गर्दै मन्त्री पौडेलले महिलाको सक्रिय सहभागिताविना दिगो विकासको लक्ष्य हासिल गर्न नसकिने बताइन् । उनका अनुसार सहकारी अभियानले विश्वभर आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण टेवा पुर्‍याउँदै आएको छ र यसले विशेषगरी महिलालाई आत्मनिर्भर तथा उद्यमी बन्न प्रेरित गरेको छ । सहकारी संस्थाहरूले महिलालाई बचत, लगानी, स्वरोजगार तथा उद्यमशीलतामा सहभागी गराई आर्थिक रूपमा सबल बनाउन महत्वपूर्ण भूमिका खेलेको उनको भनाइ छ ।

मन्त्री पौडेलले कृषि तथा उद्यमशीलता क्षेत्रमा सहकारीमार्फत थप लगानी आवश्यक रहेको उल्लेख गर्दै उत्पादन, रोजगारी सिर्जना र आर्थिक समृद्धिका लागि सहकारी क्षेत्रलाई अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिइन् । उनले सहकारी सञ्चालक, सदस्य तथा सरोकारवालाबीचको सम्बन्ध नङ र मासुको जस्तै घनिष्ट हुने भएकाले सहकारी क्षेत्रलाई सुदृढ र विश्वसनीय बनाउन सबै पक्षको साझा प्रयास आवश्यक रहेको बताइन् ।

कार्यक्रममा उनले केही सहकारी संस्थाहरूमा देखिएका अनियमितता र बदमासीका घटनाका कारण सम्पूर्ण सहकारी क्षेत्रप्रति नकारात्मक धारणा बनाउनु उचित नहुने स्पष्ट पारिन् । यस्ता घटनाबाट पाठ सिक्दै पारदर्शिता, सुशासन र उत्तरदायित्वलाई थप मजबुत बनाउनुपर्ने आवश्यकता औँल्याउँदै बचतकर्ता तथा सर्वसाधारणको सोचमा सकारात्मक परिवर्तन आउनुपर्ने बताइन् ।

मन्त्री पौडेलले सहकारी आन्दोलनलाई थप सशक्त, विश्वसनीय र जनमुखी बनाउँदै महिला नेतृत्व तथा सहभागिता वृद्धि गर्न सके देशको आर्थिक तथा सामाजिक रूपान्तरणमा अझ ठूलो योगदान पुग्ने विश्वास व्यक्त गरिन् ।


**सडक दुर्घटनाबाट बचौं र बचाऔं**

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं, ट्राफिक नियम पालना गरौं,
- जोखिमपूर्ण सडकमा सवारी चलाउँदा विशेष ध्यान दिऔं,
- मद्यपान तथा लागू पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चालकले मद्यपान तथा लागू पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित रूपमा मर्मतसम्भार गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी र अस्पतालमा सम्पर्क गरौं ।,

**सावधानी अपनाऔं, बचौं र बचाऔं ।**

**नेपाल सरकार विज्ञापन बोर्ड**

**विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना**

यस **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको **बाँकी बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही **मिति २०८३ असार २५ गते**भित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **प्रभाव राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराइएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

लेखा शाखा

**प्रभाव पब्लिकेसन प्रा.लि.**

सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००

Email:Marketing2prabhab@gmail.com


**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ